साहसिक पत्रकारिता

संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

राष्ट्रिय पाक्षिक

www.saharatimes.com.np

● वर्ष १५, ● पूर्णाङ्क ३३०, ● अंक २२ ● २०८१ साल भदौ १-१५ गते (17 August, 31 August, 2024) ● मूल्य रु. १०

# निगरानीमा मुख्यमन्त्री

'ठूला ठूला झुटा र निराशाजनक कुरा गर्नुभन्दा पनि गर्न सक्ने कामहरु हामी गर्छौं, यदि मधेशलाई थितीमा ल्याउन सकिन भने सरकार छाडेर जुनसुकै बेला बाहिरिनेछु ।' मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहको अभिव्यक्ति हो यो । जनमत पार्टीबाट मुख्यमन्त्री भएका सतिश सिंहले मात्र होइन सो पार्टीका अध्यक्ष डा.सिके राउतलगायत नेताहरुले पनि यस्ता अभिव्यक्ति पटक पटक दिने गर्नुहुन्छ ।

जनमत पार्टीका अध्यक्ष राउतले आफ्ना पार्टीका मुख्यमन्त्री र मन्त्रीहरु राजिनामाको पत्र आफ्नो गोजीमा लिएर हिड्नुहुन्छ, आवश्यक परेमा जुनसुकै बेला राजिनामा दिने भन्ने गर्नुहुन्छ । हुन त संघीय सरकारको पहिलो अनुभव बारे उहाँले २०२२ डिसेम्बर २५ मा यसरी लेख्नु भएको थियो, 'पहिलो क्लासमै यति धेरै ज्ञान र वितृष्णा होला जस्तो लागेको थिएन । काँधमा लाखौं जनताको अपेक्षा र जिम्मेबारी नभइ दिने हो भने म कतिखेर राजनीतिबाट पनि सन्यास लिइसक्थें होला । तर आफैं जलेर, कालो खरानी बने पनि, उज्यालो पार्नु छ रे ! मेरो नियति ।'

यसरी हेर्दा पार्टीका अन्य मन्त्री तथा सांसद मात्र होइन, मुख्यमन्त्री सतिशकुमार सिंह कति दबावमा काम गरिरहनु भएको छ भनि पुष्टि भएको छ । पार्टीका संघीय समानुपातिक सांसद गोमालाभ सापकोटा त अध्यक्ष राउतबाट आजित भइसक्नु भएको छ । पार्टीले भनेको स्विकीय सचिव नराखेको कारण सांसदबाट नै हटाउन संसदीय सचिवालयलाई पटक पटक पत्र पठाउनु भएको छ । तर सचिवालयले हटाउन मानेको छैन । सिके राउतका कारण सांसद सापकोटा डिप्रेसनमा जानु भएको स्रोतले जनाएको छ ।

अध्यक्ष सिके राउत दबदवा पार्टीमा धेरैले झेल्न सकेको छैन । यस्तै भएको पार्टीका उपाध्यक्ष अब्दुल खानलाई । मन्त्रीमा सपथग्रहण गर्न लगाएर पदभार गर्न दिनुभएन । मन्त्रालय पाएपनि धेरै दिनसम्म मन्त्रालय नै जान दिनुभएन । मन्त्रालय गए पनि सरकारबाट कतिखेर बोलाइ हाल्ने हो भनि तनावमा काम गरिरहनु भएको थियो । बारामा भएको उपचुनावको समयमा उहाँलाई सरकारबाट फिर्ता बोलाउनु नै भयो । अनिता साह पनि संघीय मामिला मन्त्री बन्नुभएको थियो । उहाँले कुन दबावमा मन्त्रालय चलाउनु भएको थियो त्यो कुरा पनि बाहिर आइसकेको थियो । मधेश प्रदेशमा संजय यादव, वसन्त कुशवाहा, चन्दन सिंहले पनि सिके राउतको दबाव झेल्नुभयो । मुख्यमन्त्री सतिशकुमार

बाँकी पृष्ठ १२ मा







## सीमा खान जसको संघर्ष परिवारबाट नै भएको थियो शुरु

## मधेश विद्रोहका लागि जनतामा उकुस मुकुस छ

## ◆ जमिन्दारको छोरा सर्वेन्द्रनाथले यसरी जित्नुभयो जनताको मन

## ◆ बंगलादेश आन्दोलनका कारण नेपाली नेताहरुको मनमा चिसो

अभिमत

## सम्पादकीय

# बंगलादेशले सिकाएको पाठ

दक्षिण एसियाली देशमध्ये एक बंगलादेशमा भएको आन्दोलनका कारण त्यहाँका प्रधानमन्त्री शेख हसिनालाई देश छाडेर भाग्नु पर्‍यो । शेख हसिना बंगलादेशमा १५ वर्षसम्म शासन गर्नुभयो । उहाँको हरेक क्षेत्रमा पकड थियो । छिमेकी राष्ट्र भारतसँग राम्रो सम्बन्ध थियो । उहाँले बंगलादेशमा लोकतान्त्रिक व्यवस्थामार्फत त्यहाँ आफ्नो स्थान बनाउन सफल हुनुभयो । उहाँले बंगलादेशको विकासका लागि निकै मेहनत गर्नुभयो । शेख हसिना प्रधानमन्त्री भएपछि बंगलादेश आर्थिक मामिलामा निकै प्रगति गर्‍यो । यसको जस उहाँलाई नै जान्छ ।

तर हंसिनाको जसरी जसरी शक्ति बढ्दै गयो, त्यसरी त्यसरी उहाँमा अहंकार पनि बढ्दै गयो । उहाँमा यस्तो अहंकार बढ्न थाल्यो कि बंगलादेशमा आफू र आफ्नो दलबाहेक अरु कसैलाई देख्न चाहनु भएन । विपक्षीविहिन बंगलादेशको कल्पना गर्न थाल्नुभयो । आफ्ना विपक्षी दल तथा त्यसका नेताहरुलाई दबाउन थाल्नुभयो । कतिपयलाई त हत्या नै गराउनु भयो भने कतिपयलाई जेलमा राख्नुभएको थियो । पाकिस्तानबाट स्वतन्त्र हुने बेला जो जो लडाई लडेका थिए उनको परिवारलाई बंगलादेशमा ३० प्रतिशत आरक्षणको व्यवस्था लागु गराउनमा लाग्नु भएको थियो । स्वतन्त्रका लागि लडेका अधिकाँश परिवार अबामी लिग अर्थात शेख असिनासँग थिए ।

आरक्षण पाउने नै उनीहरु थिए । त्यसको भित्रि रहस्य के थियो भने आरक्षण दिएर सरकारी सबैमा सबैलाई भर्ना गर्ने र त्यसको माध्यमबाट आफ्नो शासन सत्तालाई झन बलियो बनाएर एक तन्त्रिय शासन व्यवस्था कायम गर्न चाहना थियो । हसिना त्यो बाटोमा हिडिसक्नु भएको थियो तर बंगलादेशका विद्यार्थी जाग्नुभयो । हसिनाको विरुद्धमा आन्दोलन सुरु भयो । तर त्यो आन्दोलनलाई हसिनाले हल्का रुपमा लिनुभयो । ती आन्दोलनकारीलाई उहाँले आतकंवाद भनेर सम्बोधन गर्नुभएको थियो । त्यसले त्यहाँका जनतामा झन आक्रोश थपियो ।

त्यही आन्दोलन हो जुन आन्दोलनका कारण प्रधानमन्त्री पदबाट राजिनामा दिएर रातारात बंगलादेश छाडेर भारतको शरणमा जानुभयो । कुनै शासकले जब आफ्नो जमिजमाइ शासन व्यस्था छाडेर देश छाड्छन् तब बुझ्नुस् । जनताले परिवर्तन चाहेको छ । परिवर्तन मात्र होइन आमूल परिवर्तन चाहेको छ ।

बंगलादेश जस्तो नेपालमा पनि अवस्था आउन सक्दैन भनि भन्न सकिदैन । यहाँका पनि लोकतान्त्रिक शक्तिहरु निरकुंश शासन व्यवस्थाको अभ्यासमा लागिसकेको छ । यहाँ पनि एउटा शक्तिले अर्कोलाई दबाउन, जेल पठाउने, मर्न र मार्न लगाउने काम पनि गर्न थालेका छन् । यो देश दुई दलीय शासन व्यवस्थाबाट सञ्चालन गर्ने भनि खाका तयार गरिसकेका छन् । अहिलेलाई दुई दलको शासन व्यवस्था बनाउने त्यसपछि विपक्षीलाई सकाउने र सारा सिस्टम आफ्नो हातमा लिने र पछि एक दलीय शासन व्यवस्था कायम गर्ने मनसुवा देखिएको छ ।

यो नेपाल वा बंगलादेशमा मात्र देखिएको छैन । भारत, पाकिस्तान, म्यानमार, श्रीलंका जस्तो देशमा पनि देखिएको छ । दक्षिण एसियाको देशमा एउटा सबभन्दा नराम्रो पक्ष भनेकै यही हो । जो शक्तिमा आउँछन् त्यसले आफूलाई सर्वशक्तिमान ठान्छन् । त्यो शक्तिलाई सदुपयोग भन्दा बढी दुरुपयोग गर्न थाल्छन् । नेपाल पनि त्यही पथमा हिडि सकेको छ । अहिले पनि केही बिग्रेको छैन । नेपालका शीर्ष नेता देश बनाउन इमान्दारीपूर्वक लाग्नुपर्‍यो । जनमुखी कार्यलाई प्राथमिकता राखेर काम गर्दै जानुपर्छ । त्यो कुरा शेख हसिनाले गर्न सक्नुभएन । देश बनाउन उहाँ र उहाँका परिवारको योगदान ठूलो छ । उहाँको योगदान र कामको प्रशंसा हुन्थ्यो तर पछिल्लो क्रियाकलापले गर्दा उहाँले बंगलादेशमा गर्नुभएको क्रियाकलापका कारण जनताले देश छाड्न बाध्य बनाइ दियो । बंगलादेशको अवस्था हेरेर नेपालका शीर्ष नेता तथा शासक वर्गले पाठक सिकी सचेत रहनु पर्ने अवस्था आइसकेको छ ।

## तथ्यांक आफै बोल्छ

धान बालीको लागि आवश्यक रासायनिक मलको मात्रा

| रासायनिक मल | सिंचाई सुबिधा नभएको उंचो जमीन (६०:४०:३० के.जी.) | | सिंचित जमीनमा उनन्त जातको लागि (१००:६०:४० के.जी.) | | सिंचित जमीनमा हाईब्रिड जातको लागि (१४०:६०:४० के.जी.) | |
|---|---|---|---|---|---|---|
| | कह्रा | रोपनी | कह्रा | रोपनी | कह्रा | रोपनी |
| डि.ए.पी. | २.९ | ४.३ | ४.३ | ६.५ | ४.३ | ६.५ |
| युरिया | ३.२ | ४.८ | ५.५ | ८.३ | ८.४ | १२.७ |
| पोटास | १.७ | २.५ | २.२ | ३.३ | २.२ | ३.३ |

नेपाल सरकारको सिफारिस र सिसाको परीक्षणको आधारमा परिमार्जित

## पाठक पत्र

saharatimes.com.np@gmail.com




### साना दलको बदमासी

साना दल आफ्नै कारणले संकटमा आएका हुन् । यी साना दलहरु पनि कम्तीका छैनन् । सत्ता लुलुप्ता, क्षमता भन्दा बढीको डिमाण्ड, सांसदमा जितेर आउन पाएको छैन मन्त्रीका लागि दौडधुप गर्न थाल्छन् । आफ्नो अनुकुल सरकार भएन वा मन्त्रालय दिएन वा पाएन भने सरकार गिराउनसम्मको खेल यी साना दलहरुले विगतमा गरेका छन् । यी दलहरु आजसम्म देशको विकासका लागि कहिले एक जुट भएर केही गरेको देखिदैन । आफ्नो स्वार्थभन्दा अरु केही गरेको देखिदैन । यी एमाले र काँग्रेसले यसलाई समाप्त गर्न जे रणनीति बनाएका छन् त्यो ठिक हो । खरिददार थोरै छन् भने दुकान यति किन चाहिन्छ । यत्रो सानो देशमा सय भन्दा बढी दल किन चाहियो । जति कम दल हुन्छन् त्यति नै देशमा स्थायीत्व हुन्छ । बरु साना दलहरु आपसमा मिलेर एउटै दल बनाए हुन्छ ।

*रमेशकुमार कुशवाहा, किर्तिपुर, काठमाडौं त्रिवी (एमए)*

### नेपालको जमिनमा केभीले देखेको चीन

केभी राजनको लेख पढे । यस्तै व्यक्तिका कारण छिमेकी देशहरुको बिचमा सम्बन्ध खराब हुने गर्छन् । भारतले नेपालको सीमा मिचेको छ भन्ने कुरा स्विाकर गर्नुभएको छैन । लाजै नमानि चीनमाथि दोष थुपार्नुभएको छ । भारतले नेपालको जग्गा मिचेको छ । त्यो जग्गा आफ्नो हो भनि नक्सामा समेट्यो यसमा केभीजीले कहाँ चाइनाको हात हेर्नुभयो त्यो बुझ्न सकिएको छैन । उहाँ जतिबेला नेपालमा हुनुहुन्थ्यो त्यतिबेला लाग्थ्यो कि यो नेपाल भारतको एउटा राज्य हो । उहाँले यो लेखमा आफै स्विकार गर्नुभएको छ कि नेपालको मन्त्रीपरिषद्मा भारतको प्रतिनिधित्व हुन्थ्यो । उहाँले आफ्नो जमानाको नेपाल खोज्नुभएको होला जस्तो लाग्छ । केभीजी अब त्यो सम्भव छैन । नेपाल धेरै अगाडि बढि सकेको छ । नेपाल नयाँ नेपाल बनिसकेको छ ।

*सुकदेव यादव, सिनामंगल, काठमाडौं*

### आउनुहोस् विद्यादेवी ओलीको समाज्य ढालौं

केपी शर्मा ओली जसरी अरुको हक मारेर राजनीति शक्तिशाली बन्नुभएको छ । उहाँको हकमा पनि हुने त्यही नै हो । उहाँले राजनीतिमा आफू बाहेक अरु कसैलाई आउन दिन चाहनु भएको छैन । एमाले पार्टीमा सबैलाई दवाएर राख्नु भएको छ । जो जो ओलीको विरुद्धमा बोले ती सबै साइड लागेका छन् । घनश्याम भुसाल र भिम रावलले केपी ओलीको आलोचना गर्थे । उनीहरुको हालत अहिले कस्तो छ सबैलाई थाह छ । घनश्याम पार्टी छाडे, भिम निस्कृय भएर बसे । विष्णु पौडेल, शंकर पोखरेल, इश्वर पोखरलेहरु त ओलीलाई नसोधी त साँस पनि लिदैनन् । त्यही भएर त्यो पार्टीमा विद्यादेवी भण्डारीको आवश्यकता छ । ओलीलाई कसैले चुनौती दिनसक्छन् भने त्यो हो विद्यादेवी ।

*राजकुमार अधिकारी, रौतहट, देवाही गोनाही*

### मैथिली फिल्ममा छैन लगानी

मधेशमा जमिन्दारहरु छन् । पैसाबालाहरु व्यक्तिहरु छन् । तर उनीहरु काला सँस्कृतिमा लगानी गरेको कहिले देखिएको छैन । दारु रक्सीमा दिनकै लाखौ रुपियाँ खर्च गर्छन् तर एउटा साहित्य कार्यक्रम गर्न वा फिल्म बनाउन वा एउटा किताब खरिद गर्न यहाँसम्म कि एउटा पत्रिका खरिद गर्न कोही चाहदैनन् । मधेशमा मैथिली फिल्मका थुप्रै सम्भावनाहरु छन् । तर लगानीको अभाव छ । त्यहाँ दर्शक पनि छन् । कलाकार पनि छन् तर त्यसमा लगानी गर्ने अभाव छ । यसमा मधेश सरकारले पनि ध्यान दिएको छैन । मधेश सरकारलाई त यस्ता साहित्य, फिल्म सिल्मसँग कुनै मतलब छैन जस्तो लागि रहेको छ ।

*राधिका यादव, जनकपुरधाम*

## फेसबुक



**सीताराम अग्रहरी**

गुरुदेव कामत, कापड़ी र सरकार

गुरुदेवजीका बारेमा रामभरोस कापडिलाई गाँसेर अहिले निकै टिका टिप्पणी भइरहेको छ यो स्वाभाविक पनि छ । स्वयं गुरुदेवजीको यसबारे भनाइ अंश भाइरल भइरहेको छ जुन अत्यन्त दुखद छ । समयमा रकम निकासा हुन सकेको भए उहाँलाई धेरै राहत पुग्न सक्दथ्यो यसमा शंका छैन । तर मुख्य अपराधी कापड़ी नै हो भन्ने किटानी भाष्य बनाउने जुन मीडियामा आइरहेको छ त्यो पूर्ण तथ्य हैन कि । सरकार बढी र मुख्य जिम्मेवार पक्ष हो कि । हुनत मिट गया जब मिटने वाला फिर पयाम आया तो क्या... यो बहसको तुक छैन । जति बहस गरे पनि गुरुदेव जी कहिल्यै न फर्किन गरि हामीबाट टाढा गइसक्नु भाको छ सागर पारि ।

२०८० माघ २६ गते गुरुदेव जीको कार्यक्रम जनकपुरमा हुने भएको सुनेर बिहान म उहांलाई भेट्न होटल पुगेको थिएं । भलाकुसारी भयो । सुगर एकदमै हाई भएको र प्रोस्टेटमा पनि गम्भीर समस्या देखिएकोले हस्पिटल भर्ना हुनुभएको बताउनु भएको थियो । यस्तो अवस्थामा कापड़ीले शो राखी कार्यक्रम आयोजन गर्नुभएको मनशायलाई नेगेटिभ्ली लिन आवश्यक देख्दिन म । प्रज्ञाले दिने सहयोगको फाइल स्वास्थ्य हुंदै अर्थबाट स्वीकृत हुने झंझटिलो र सामन्ती प्रावधान छ । कापड़ी र स्वास्थ्य मन्त्री जैसवालको असमझदारीले फाइल रोकियो ।

यहां एउटा कुरा भन्न जरुरी छ, प्रेम विदेह लल्लनले अशोक दत्त र गुरुदेवजीका लागि धेरै दौड़-धूप गरेका हुन् । म पनि सक्दो लागिरहेको थिए । कापड़ीले आफूले प्रज्ञाबाट फाइल मन्त्रालय पठाइसकेको बताएपछि मपनि ढुक्क भएको थिए । मलाई पछि था भयो कापड़ीजीको रुखो व्यवहारसँग मन्त्री फायर थिए । म उसको पिउन पाले हुं, उसले जे पठाउँछ म खुरु खुरु सही गर्दै जाऊं ? 'मन्त्रीजी कापड़ी जी से नाराज़ होकर ऐसा मत कीजिए, वे हमारे निधि हैं' मैले मन्त्रीजीलाई सम्झाउने कोशिश गरेको थिए ।

यसरी फायल अडकिनुमा कापड़ीको इन्टेन्सन हैन इरिटेटिंग एटिट्यूडलाई मनत्रीले प्रेस्टिज इसु बनाएको बुझें । बनाउनु उचित थिएन कि, उचित थियो तु निकासा । कापड़ीजीले पनि फलो अपको लागि अलि बढी तदारुखता देखाउनु पर्थ्यो । आखिरमा यो उहांको धर्म थियो । प्रज्ञा भन्दा पनि हुनत मूल रेसपंसिबल पक्ष मलाई सरकार र सरकारी एटिट्यूड हो कि लागेको छ । म संझन्छु , म सल्लाहकार हुँदा मुख्यमन्त्रीजीलाई राजेश्वर नेपालीजी बारे ग्रन्थ प्रकाशन सहयोगार्थ उहाँले नै पटक पटक व्यक्त गर्नु भएको वचन बद्धताबारे ताकेता गरिरहे । ठाडो प्रस्ताव क्याबिनेटमा लगेर दिउं नत भनेको हुं पटक पटक । "होई नत" मात्र भन्दै राख्नु भो । काम भएन ।

पछि अशोक दत्त र गुरुदेव जीबारे पनि भनेकै हुँ । स्पेशल केस हो गर्नुपर्ला । तर उहाँमा कला, साहित्य, पत्रकारिता जस्ता सृजनात्मक क्षेत्रबारे संवेदनशील भएको पाइन । नयाँ प्रदेश सरकार आएपछि मैले आफ्नो स्टाटसमा अब राम्रो काम होस् , गुरुदेव कामत र अशोक दत्तलाई सहयोगको खांचों छ भनी अपेक्षा व्यक्त गरेको हुँ ।

मेरो कुरा छाडौ गुरुदेवजीको दुबै मिर्गौलासमेत ड्यामेज भएको र उहां डायलिसिसमा बस्नु भाको समाचार त आएको हो । अर्थ अभावले गुरुदेव जीले व्यथित भएर राजधानीबाट फर्कने निधो गर्दा पनि समय त थियो नि सरकारसमक्ष । गुरुदेव जी जति रकम लागे पनि चिन्ता नगर्नुस् भनी सरकारले त्वरित कदम उठाउनुपर्ने हैन र ? अब गोहीको आंसु चुहाउनुको कुनै अर्थ छैन् ।

# चीनको पहलमा माओवादीको विवाद थामथुम

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सरकारबाट हटेपछि पार्टीमा नेतृत्वलाई लिएर विवाद उत्पन्न भएको छ। पार्टी विभाजनको संघारमा नै पुगेको छ। यो यस्तो यसपटक मात्र भएको होइन, विगतमा पनि माओवादीका अध्यक्ष प्रचण्ड सरकारबाट निस्केपछि पार्टी विभाजन भएको उदाहरणहरु छन्। यसपटक पनि त्यही अवस्था सृजना भएको छ। उपमहासचिव जनार्दन शर्माले पार्टी विभाजन गर्न लागेको आरोप पार्टीभित्र नै लागि रहेको छ। पार्टीको नेतृत्व नै गर्ने वा अर्को पार्टी बनाउने अभ्यास जनार्दन शर्मा गरिरहेको आरोप धेरै पहिलादेखि पार्टीमा लाग्दै आइरहेको छ।

पार्टीको बैठकमा जनार्दन शर्माले राखेको फरकमतमा पनि पार्टी अलग गर्ने संकेत गर्नुभएको छ। नेतृत्व सुध्रिनुपर्छ भनि धारणा प्रतिवेदनमा राख्नुभएको छ। आफूले पार्टी विभाजन गरेको कुरा पार्टीको नेतृत्वबाट नै दबाब झेल्नु भएको छ। पार्टीको बैठकमा पार्टी विभाजनको कुरा छताछुल्ल भएपछि नेपालका लागि चिनियाँ राजदुत चेन सोङ सक्रिय हुनुभएको छ। उहाँले माओवादीका विभिन्न शीर्ष नेताहरुलाई उहाँहरुको घरघरमा गएर भेट्नु भएको छ। साउन ३१ गते राजदुत चेन सोङले प्रधानमन्त्री प्रचण्डलाई उहाँको निवास खुमलटारमा गएर भेट्नु भएको थियो। र, उहाँले पार्टी विभाजन हुनुबाट रोक्न प्रचण्डलाई दबाव दिनुभयो।

अध्यक्ष प्रचण्ड निकट एक नेताका अनुसार बरु जनार्दन शर्मालाई पार्टीमै व्यवस्थापन गर्नुस् तर पार्टी विभाजन हुनबाट रोक्नुस् भनि दबाव दिनुभएको थियो। त्यसअघि पूर्व प्रधानमन्त्री प्रचण्डले जनार्दन शर्मालाई बोलाएर पार्टीमा विवाद नगर्नुस् सक्नुहुन्छ भने पार्टी विभाजन गरेर जानुस् भन्नुभएको थियो। त्यसपछि पार्टीमा विवाद झन चुलिएको थियो। विवाद चुलिएपछि राजदुत चेना सोङ सक्रिय हुनुभएको माओवादी स्रोतहरुको दावी छ।

अध्यक्ष प्रचण्डले नै सक्नुहुन्छ भने पार्टी विभाजन गरेर जानुस् भनेपछि जनार्दन शर्माले एउटा सार्वजनिक कार्यक्रममा अध्यक्ष प्रचण्ड सामु भन्नुभएको थियो, 'तपाईंहरुले मलाई दलाल जस्तो देख्नुहुन्छ ? म यो पार्टी फोर्ने जस्तो देख्नुहुन्छ ? तर, त्यो आरोप मैले आज खेपिरहेको छु। पार्टीको उच्च तह र नेतृत्वको वरिपरिबाट देशभरि मैले पार्टी फुटाउँदैछ भनेर बदनाम गरिँदैछ।' नेता शर्माले आफूलाई मनोगत ढंगले आरोपित गरेर सत्यलाई उल्ट्याउने प्रयत्न गरेको आरोप लगाउनु भएको थियो। उहाँले भन्नुभएको थियो, 'मैले उहाँलाई भनेको छु तपाईंलाई हटाएर मलाई अध्यक्ष हुनुछैन, तर यो पार्टी आन्दोलन बनाउने हो भने छलफल चाहिन्छ भनेर छलफलको विषय राखेको हो। प्रस्तावमा छलफल हुँदैछ। नेतृत्वलाई स्थापित गर्न कुरा राख्दा मैले अनेक आरोप खेप्नुपर्ने ?'

राजदुत सोङले अध्यक्ष प्रचण्डलाई भेटेपछि माओवादी पार्टीभित्रको विवाद हाललाई साम्य भएको देखिन्छ। अध्यक्ष प्रचण्डले उपमहासचिव शर्मालाई बोलाएर कुरा गर्नुभएको छ। अर्कासँग कुरा माझामाझ भएको छ। पार्टीको नेतृत्व लगायत अन्य सबै विषयमा पार्टीको महाधिवेशनबाट टुगों लगाउने कुरा भएको छ। उहाँ दुई जना बिचमा कुराकानी भएपछि तत्कालका लागि विवाद साम्य भए पनि खतराको घण्टी टरेको छैन।

# ओलीसँग उपेन्द्र र अशोक एक साथ 'इङ्गेज'

जनता समाजवादी पार्टी नेपाल विभाजन भएपछि सो पार्टीका अध्यक्ष उपेन्द्र यादवले विभाजनको सम्पूर्ण दोष माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई लगाउनु भएको छ। तर पार्टी विभाजनको ' डिजनाइनर' एमालेका अध्यक्ष एवं वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली रहनु भएको कुरा अध्यक्ष यादवले स्विाकर गर्ने पक्षमा देखिनु भएको छैन। अध्यक्ष प्रचण्ड प्रधानमन्त्री रहेको बेला पार्टी विभाजन हुनु र सिन्धुलीको एउटा कार्यक्रममा पार्टी विभाजनको बारेमा कार्यक्रममा अभिव्यक्ति दिनुलाई आधार मानेर जसपा नेपालका अध्यक्ष यादवले प्रचण्डमाथि सम्पूर्ण दोष थुपार्नु भएको छ। तर जसपा नेपाल विभाजनमा प्रचण्डको कुनै हात छैन, सारा योजना बनाउने र त्यसलाई साकार पार्ने काम प्रधानमन्त्री ओलीले गर्नुभएको स्रोतहरुले दावी गरेका छन्।

यो कुरा जसपा नेपालबाट अलग भएको अशोक राइ नेतृत्वको जसपालाई सरकारमा लिएर पुष्टि भएको छ। यदि पार्टी विभाजनमा प्रधानमन्त्री प्रचण्डले साथ दिएको भए अशोक राइहरु ओलीलाई होइन प्रचण्डको साथमा रहनु हुन्थ्यो। तर उहाँहरु ओलीलाई साथ दिनुभएको छ। तर अच्चम आफ्नो पार्टी विभाजनमा प्रचण्डको हात रहेको भन्दै उहाँ पनि प्रधानमन्त्री ओलीको साथमा रहनु भएको छ। जसपाका अध्यक्ष अशोक राइ जस्तै जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले पनि प्रधानमन्त्री ओलीमाथि विश्वास गरि रहनु भएको छ।

प्रधानमन्त्री ओली पनि उपेन्द्र यादव र अशोक राइसँग इङ्गेज हुनुहुन्छ। दुवैलाई विश्वासमा लिनुभएको छ। भदौं १३ गते सर्वोच्च अदालतमा विचाराधिन रहेको जसपा नेपाल विभाजनको मुद्दा विचाराधिन छ। सो मुद्दामा ओलीले सहयोग गर्नुहुन्छ भनि विश्वास उपेन्द्र र अशोक दुवै जनाले गर्नुभएको छ। र, प्रधानमन्त्री ओलीले पनि दुवै जनालाई आश्वासन दिनुभएको छ। त्यही आश्वासनको कारण उपेन्द्र यादव र अशोक राइले उहाँमाथि विश्वास गर्नुभएको छ। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले ओली नेतृत्वको सरकारलाई समर्थन गर्नुभएको छ।

आवश्यक पर्‍यो भने उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल पनि सो सरकारमा सहभागी हुनसक्छ। जसपा नेपालले अहिले पनि माओवादीका अध्यक्ष प्रचण्डको आलोचना गर्नुहुन्छ तर एमालेका अध्यक्ष एवं प्रधानमन्त्री ओलीको बारेमा केही बोल्नु भएको छैन, कुनै विरोध गर्नुभएको छैन त्यसको कारण हो, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई लाग्छ कि प्रधानमन्त्री ओलीलाई आफूलाई साथ दिनुहुन्छ।

# भारतले भनेको टेर्दैन यी मधेशी दल

भारतबाट जतिवटा उच्चस्तरीय भ्रमण हुन्छन् ती सबै भ्रमणको मधेशवादी दलका लागि सन्देश हुन्छ कि तपाईहरु मिल्नुस्। चाहे प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमण होस् या विदेश मन्त्रीहरुको भ्रमण होस् अन्य कुनै उच्चस्तरीय भ्रमण होस् सबै भ्रमणमा मधेशवादी दलका नेताहरुलाई एक साथ भेटेर एकताका लागि सुझाव दिनुभएको हुन्छ। साउन २७ गते नेपाल भ्रमणमा आउनु भएका भारतीय विदेश सचिव बिक्रम मिस्रीले मधेशवादी दलका नेताहरुलाई भेटेर एकतामा जोड दिन सुझाव दिनुभएको स्रोतले जनाएको छ। सोल्टी होटलको रात्रीभोज कार्यक्रममा मधेशवादी दलका नेताहरुलाई एक साथ भेटेपछि सो सुझाव दिनुभएको लोसपा नेपालका एक नेताले बताउनुभयो।

यसअघि २०८० पुस १९ गते भारतका विदेशमन्त्री एस.जयशंकर पनि नेपाल भ्रमणमा आउनु भएको बेला मधेशवादी दलका नेताहरुसँगको भेटपछि मधेश केन्द्रीत दलहरु यसरी अलग अलग रहेर केही प्राप्त हुँदैन एउटा शक्ति बनाएपछि मात्र केही प्राप्त हुने र त्यसका लागि एकीकृत हुनुपर्ने सुझाव दिनुभएको छ। मधेश जस्तो सानो ठाउँमा यतिका दलको आवश्यकता नै छैन। एउटै मुद्दा, एउटै एजेण्डा, एउटै मिसन भएको पार्टी अलग अलग रहेर केही कुनै अधिकार प्राप्त हुँदैन। यसका लागि एकता नै गर्नुपर्छ भनि भारतका प्रधानमन्त्री मोदी र तत्कालिन विदेश मन्त्री सुष्मा स्वराजले पनि दिनुभएको थियो। प्रधानमन्त्री दोस्रो पटक नेपाल भ्रमणमा आउन लाग्दा भेटघाटका लागि तालिका बनाउँदा मधेशवादी दललाई एक्ला एक्लै नभेट्ने, एकीकृत भएर आएपछि मात्र भेट्ने भनेपछि तत्कालिन मधेशवादी दललहरुले रातारात मोर्चा बनाएका थिए।

त्यो भेटमा पनि प्रधानमन्त्री मोदीले मधेशवादी दलले मधेशमा एउटा शक्ति निर्माण गर्नुपर्छ र त्यसका लागि तपाईहरु मिल्न आवश्यक छ। मधेश कमजोर भएर नै अधिकार प्राप्तिमा ढिलाई भइरहेको छ। शाक्तिशाली भएपछि अधिकार दिन आफै आउँछ भन्नुभएको थियो। प्रधानमन्त्री मोदी र अन्य मन्त्री तथा नेताहरुले भनेपछि मधेशवादी दलहरुले एकताका लागि प्रयास गरेको देखिन्छ।

त्यसका लागि प्रयास गरेका हुन्छन्। छ दल मिलेर राजपा नेपाल बनेको थियो। त्यसपछि तत्कालिन राजपा र उपेन्द्र यादव नेतृत्वको तत्कालिन समाजवादी पार्टीसँग एकता गरेर जनता समाजवादी पार्टी नेपाल बनेको थियो तर त्यो एकता लामो समय चलेको थिएन। जसपा नेपालबाट अलग भएर लोसपा नेपाल बन्यो। राजपा नेपालबाट पनि महेन्द्र राय यादव, अनिलकुमार झा, रेशम चौधरी, राजेन्द्र महतो, राजकिशोर यादव अलग भइसक्नु भएको छ। रेशम चौधरी, महेन्द्र राय यादव र राजेन्द्र महतो आआफ्नै नेतृत्वमा पार्टी बनाउनु भएको छ भने अनिलकुमार झा नयाँ पार्टी बनाउने कसरतमा लाग्नु भएको छ। राजकिशोर यादव उपेन्द्र यादव नेतृत्वको जसपा नेपालमा हुनुहुन्छ भने शरतसिंह भण्डारी र महन्थ ठाकुर एक साथ हुनुहुन्छ।

अहिले उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल, महन्थ ठाकुर नेतृत्वको लोसपा नेपाल, अशोक राइ नेतृत्वको जसपा, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति क्रान्ति, महेन्द्र राय यादव नेतृत्वको नेपाल समाजवादी पार्टी, रेशम चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टी, हृदयश त्रिपाठी नेतृत्वको जनता प्रगतिशिल पार्टी, वृषेशचन्द्र लाल नेतृत्वको तमलोपा छन्। त्यसमध्ये जसपा नेपाल, जसपा, लोसपा, नागरिक उन्मुक्ति पार्टी मात्र संसदमा छन्। यी सबै दललाई मिल्नका लागि भारतले पटक पटक भन्दै आएको छ तर यी दलहरु एक्ला एक्लै संघर्ष गरिरहेका छन्। एक अर्कासँग मिल्न मानेका छैनन्।

## फरकमत

# लङ्गौटी खुस्केको पत्तै नपाएका सिके राउत



**धर्मेन्द्र कर्ण**

यतिखेर संघ र प्रदेशमा मधेश सरकारको २० सदस्यीय जम्बो मन्त्रिमण्डलको चर्चा छ। २० जना मन्त्रिपरिषद् सदस्यमध्ये आठ जना राज्यमन्त्रीलाई बर्खास्थ गरेपछि मधेश सरकारको झन चर्चा भइरहेको छ। संघमा हुने चर्चा र प्रदेशमा हुने चर्चाको फरक फरक अर्थ र महत्व हुनु स्वभाविक हो र हुन्छ पनि। संघीयता पचेको छैन। त्यसमा मधेश प्रदेशको नामांकन झनै पचेको छैन। संघ नपच्नु समावेशी र आरक्षण नपच्नु पनि प्रक्रियागत रूपमा निष्कर्ष निस्किन्छ। संघीयता नपचेकाहरूलाई प्रदेश नपच्नु नौलो कुरा नै भएन्।

त्यसैले उनीहरूले देशले धान्न सक्दैन् भन्ने भाष्य जन्माए। समावेशी र आरक्षण नपचेको भन्न अलि बढी गाह्रो भएर होलान्। भए यो पनि बेठिक भन्न नसकिने कुरो थिएन भन्थे होलान्। भन्न सकेन्। तर संघीयता खर्चिलो हुने भयो। देशले धान्न नसक्ने भयो भन्ने कुरो संघीयताको एजेण्डा लिएर माओवादी र मधेशवादी पहिलो संविधान सभामा छिरेदेखि नै बनेको विचारलाई बलियो कथ्य बनाउन प्रयास गरिएको प्रमाण सबै प्रकारका सञ्चार माध्यमका प्रस्तुतिले प्रष्ट पार्छ।

तर पनि पहिलो संविधान सभाबाट नसकेर दोस्रो संविधान सभाबाट त्यसलाई तेजोबद्ध गर्न सकिने स्थितिको निर्माण गरियो। तर पनि प्रष्ट रूपमा संघीयता खारेज गर्न सके पनि दोस्रो संविधानबाट बिकृत संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान बन्यो। विकृत यो अर्थमा भनिएको छ कि संघीयता पक्षधरहरूले माग गरे अनुसार सैद्धान्तिक अवधारणा अनुरुप संविधान नभएर संघीयताको नाममा कुनै किसिमको संविधान दिनुपर्ने हो दिउ भनेर दिइएको जस्तो संविधान आएकाले विकृत भनिएको हो।

त्यसको दृष्टान्त संविधान बनेपछि बनेको पहिलो संसददेखि अहिलेसम्म बनेका सरकारले खासै केही गर्न सकेन। त्यसपछि जनआक्रोश बढ्दै गएकोले पनि यसको पुष्टि मात्रै गर्दैन कि सरकार बनाउन भएका राजनीतिकदलहरूलाई प्रधानमन्त्री बनाउन भएको विवाद सर्वोच्चबाट फुकाउनु पर्‍यो। यो दृष्टान्तले यो नेपालको राजनीति अति नै विकृत रहेको कुरा पुष्टि भइसकेको हो।


माओवादी र मधेशवादीले यो संविधान पाइला पाइलामा बाधा अड्काउ फुकाउको माग गर्ने भएकाले यसलाई फुकाएर नै जाउ भन्दाभन्दै त्यतिखेर बलपूर्वक संविधान घोषणा गरिएको थियो। निसन्देह नेपाली राजनीतिमा सरोकार र प्रभाव राख्ने सबै विदेशीमित्र राष्ट्रहरूको हार्दिकता मौजुदा संविधानमा नरहेको प्रष्ट देखिएकै थियो। तर केहीमित्र राष्ट्रहरूको हार्दिकता थियो र संविधान घोषणा भयो।

**नयाँ पनि त्यस्तै**

छुट्टै मधेश बनाउने एजेन्डा बोकेका र संघीयता नचाहिने भनेर खडा भएका राजनीतिक दल संविधान बनेको दोस्रो पाँचवर्षे कार्यकालमा बहुदलीय व्यवस्था आए यताका राजनीतिक दललाई ताछेर राष्ट्रिय दल बनेका छन्। दोस्रो पाँचवर्षे कार्यकालसम्म आइपुग्दा नयाँ पुराना कुनै पनि राजनीतिक दलले एक अर्कालाई औंला देखाउन ल्याकत बचाइ राखेका छैनन्। समग्र मधेश एक प्रदेशको एजेन्डा खुम्चिएर मधेश मधेशसम्म बने पनि त्यो मनमा फिकर मागमा फिकर भएको थिएन्। त्यसलाई जानकी प्रदेश जस्ता नानाथरीको प्रयास गरिए पनि मधेश प्रदेश भने स्थापित भयो।

खान भने पछि जुँगामा लगाएर खान लाग्दै माओवादी र मधेशवादी यति छिट्टो पतनको बाटोमा ढलीमली गरेकी राष्ट्रिय स्वतन्त्र पार्टी र जनमत पार्टी उदायो। औपचारिक राजनीतिको घेरामा उदाएका नयाँ पुराना दलको गतिविधि, विदेशीमित्र देशहरूको हार्दिकता र सौहार्दताको भाव भंगिमाको बोध गर्दा नेपाली राजनीतिमा जेसुकै हुन सक्छ। राजनीति फोहर भयो हामी सफा गर्न जान खोजेको भनेका नयाँ राष्ट्रिय स्वतन्त्र पार्टी र जनमत पार्टी दुवै फोहरमा विस्तारै फोहरी बन्दै गएको आरोप पनि लागि रहेको छ। आरोप लगाउनेहरूलाई सहज हुन्छ। गरेर देखाउन गाह्रो हुन्छ। त्यसैले होला अहिले

बाँकी पृष्ठ ८ मा



■ श्रीमननारायण

# बंगलादेश आन्दोलनका कारण नेपाली नेताहरुको मनमा चिसो

दक्षिण एसियाकै देश बंगलादेशमा त्यहाँका छात्रहरुद्धारा गरिएको आरक्षण विरोधी आन्दोलनले प्रधानमन्त्री शेख हसिना वाजेदको १५ वर्ष पुरानो सरकारलाई अपदस्थ गरेको छ। अपदस्था मात्र गरेको छैन। देश छाड्न बाध्य बनाएको छ। प्रधानमन्त्रीबाट अपदस्थ हुनु, सरकार ढल्नु विश्व राजनीतिमा त्यसलाई समान्य मानिन्छ तर जब कुनै शासक वा देश प्रमुखले आन्दोलनका कारण आफ्नो देश छाडेर नै भाग्नु परेका हुन्छन् त्यो निकै गम्भीर कुरा हो र त्यसले अलग्गै इतिहास बनाउँछ। शेख हसिनाको घटना पनि त्यसमध्येकै एक हो।

नेपालमा राणाहरुको कारण तत्कालिन राजा त्रिभुवन देश छाडेर भारतको शरणमा गएका थिए। त्यसको स्मरण अहिले पनि गरिन्छ। नेपालको इतिहासमा त्यो घटनालाई महत्वको साथ स्मरण गरिन्छ। नेपालमा थुप्रै राजनीतिक घटना भएका छन्। सबैलाई महत्वका साथ हेरिएको छैन तर त्रिभुवनले देश छाडेको कुरालाई निकै नै महत्वका चर्चा गरिन्छ। हो, अहिलेको शेख हसिनाको चर्चाको कारण नै त्यही हो। आन्दोलन हुनु, सत्ता ढल्नु समान्य कुरा हो। आन्दोलनबाट शेख हसिनाले राजिनामा दिएर आफ्नै देशमा बसेको भए त्यो घटना विश्वव्यापी हुने थिएन।

**अमेरिकामाथि आरोप**

शेख हसिनाको शासनकालमा देशमा राजनीतिक स्थायित्व पनि थियो र देश आर्थिक प्रगतिको बाटोमा पनि लम्किरहेको थियो। आर्थिक रुपले प्रगति गरिएका विश्वका ३५ देशको सूचीमा एउटा नाम बंगालदेशको पनि थियो। तर आन्दोलनकारीको निम्ति आर्थिक मुद्दा र राष्ट्रवादको भावना पनि काम लाग्दैन भन्ने कुरा पनि बंगलादेशको यस आन्दोलनबाट सावित भएको छ। आन्दोलनका कारण नै पद त्याग गरी निर्वासनमा जान बाध्य भएकी शेख हसिनाले आफुले सेन्ट मार्टिन टापु अमेरिकालाई हस्तानान्तरण नगरेको कारण सत्ता च्युत हुनु परेको दावी गर्दै छात्रहरुको आन्दोलनमा विदेशको हात रहेको प्रस्ट आरोप लगाएकी छिन्।

सेन्ट मार्टिन टापु पाएपछि बंगालको खाडीमा अमेरिकाको प्रभाव बढ्ने दावी पनि उनले गरेकी छिन्। उनको यस आरोपले राष्ट्रियता र स्वाभिमानको कसीमा नयाँ सरकारले उत्तिर्ण हुनुपर्ने महत्ती चुनौती थपिएको छ। यस भन्दा अघि जति पटक पनि बंगलादेशमा छात्रहरुको आन्दोलन भए ती सबै निस्वार्थ भावले भएका थिए र विशुद्ध रुपमा राष्ट्रहित र छात्रहितको भावनाबाट प्रेरित थिए तर यस पटकको आन्दोलनमा विदेशी षड्यन्त्र, कटरपन्थी धार्मिक समुह, विरोधी राजनीतिक दल र त्यहाँका सैनिक समेतको भूमिका थियो। तसर्थ बंगलादेशमा भएको यस पटकको आन्दोलन षडयन्त्ररहित छैन। यसले एक करोड भन्दा बढी बंगलादेशी हिन्दुहरुको विश्वास र समर्थन त गुमाएको छ नै तीन तिरबाट सिमाना जोडिएको छिमेकी देश भारतको विश्वास पनि यसले गुमाएको छ।

**नेपालमा आन्दोलनको प्रभाव**

नेपालीहरुको विश्वास पनि बंगलादेशले गुमाएको छ। यहाँका सैकडौ छात्रहरु त्यहाँ पढ्न जाने गरेका थिए तर त्यसमा अब कमी आउने पक्का छ। नेपालसँग पनि बंगलादेशको सीमा जोडिएको छ। पूर्वी नेपालमा बंगलादेश समाजिक र आर्थिक प्रभाव देखिन्छ। तर अहिले बंगलादेशमा भएको आन्दोलनको प्रभाव देखिएको छैन। त्यसका कारण हो राजनीति।

बंगालको राजनीतिक चरित्र र नेपालको राजनीतिक चरित्रमा फरक छ। त्यहाँको राजनीति लोकतान्त्रिक भए निरकुंश र हस्तक्षेपकारी छ तर नेपालमा त्यस्तो छैन। नेपालमा लोकतान्त्रिक दलहरुका नेताहरुलाई थोरै भए पनि जनताको भय छ। बंगालका नेताहरु जस्तो निरकुंश हुन सक्दैन। आफ्ना विपक्षीलाई हतपत जेलमा हाल्ने हिम्मत गर्दैनन्। तर बंगालमा पटक पटक त्यस्तो देखिएको छ। कहिले सेनाले शासन सत्तामा हातमा लिन्छ भने कहिले आफ्नो सत्ता जोगाउन विपक्षीलाई जेल मात्र हाल्दैन, षड्यन्त्रपूर्वक हत्या पनि गरिन्छ।

तर नेपालको लोकतान्त्रिक व्यवस्थामा त्यस्तो अवस्था आइसकेको छैन। पहिलो राणा र राजाको पालामा यस्तो हुन्थ्यो भनि इतिहासमा पढ्न पाइन्छ। बंगलादेशको आन्दोलनको प्रभाव नेपालमा पर्ने छैन किनभने नेपाल र मधेशमा छात्र र युवा पनि राजनीतिक दलका कार्यकर्ता बनेका छन्। मजदुर र किसान पनि राजनीतिक दलका कार्यकर्ता बनेका छन्। उद्योगी, व्यवसायी, शिक्षक, कर्मचारी, डाक्टर, वकिल पत्रकार सबै कुनै न कुनै राजनीतिक दलका कार्यकर्ता बनेका छन्। आन्दोलनको कुरा आउँदा, एक पक्ष सरकारको विरोधमा आउँछ, जवकि तीन समुह सरकारको समर्थनमा आउँछ, यस्तोमा आन्दोलन होओस् पनि कसरी ? तर सम्भावना छैन भने होइन। बंगालको घटनाले गर्दा नेपालका राजनीतिक दलका नेताहरुमा पनि चिसो पसेको छ। बंगलादेश जस्तो नेपालमा पनि गर्नुपर्छ भनि समाजिक सञ्जालहरुमा बहस सुरु भइसकेको छ। नेपालमा पनि हसिानहरु छन्। नेपालमा पनि सानालाई दबाउने, विपक्षीलाई धपाउने काम भइरहेको छ। त्यसले यहाँ पनि बंगलादेश जस्तो हुँदैन भनि भन्न सकिदैन भन्नेहरु पनि छन्।

बंगलादेश, पाकिस्तानबाट यस कारण अलग भएको थियो कि, यसलाई आफनो बंगाली भाषा र बंगला संस्कृति माथि गर्व थियो, अत्याधिक उत्साह, आकर्षण थियो। बंगाली भाषा साहित्य र संस्कृतिको विकासमा बंगाली हिन्दुहरुको योगदान सर्वोपरी थियो। गुरुदेव रवीन्द्रनाथ ठाकुरले त बंगलादेशको राष्ट्रगानको रचना नै गरेका थिए तर यस पटकको आन्दोलनमा आन्दोलनकारीहरुले उनको स्टैच्युलाई पनि ध्वस्त पारे।

**बंगलादेशको भोकमरी**

सन् १९७१ मा पाकिस्तानबाट छुटिएर बंगलादेशको जन्म हुँदा त्यहाँ व्यापक भोकमरीको अवस्था थियो। बंगलादेशीहरुको दयनीय र कारुनिक अवस्थाबाट चिन्तित पंडित रवीशंकरले आफना मित्र जर्ज हेरिसनसित मिलेर न्युयोर्कमा कन्सर्टको आयोजना गरेका थिए। इस्कोनको ब्यान र मुनि भएको यस कन्सर्टशोबाट साढे दुई लाख डलर उठेको थियो। यसबाट भोका बंगलादेशीहरुको पेट भर्ने काम भयो। यति मात्रै होइन, उनीहरुले युरोपका विभिन्न ठाउँमा कन्सर्ट शो गरेर चन्दा बटुलेर भोका बंगलादेशीहरुको निम्ति २५ लाख डलर चन्दा संकलन गरेका थिए। उक्त चन्दाबाट महिनौसम्म तिनको भोक टार्ने काम भएको थियो, पेट भर्ने काम भएको थियो तर यसपटकको आन्दोलनमा बंगलादेशको इस्कोन मन्दिरलाई हजारौ बंगाली मुस्लमानहरुले मिलेर ध्वस्त पारे। यो त्यही इस्कोन मन्दिर थियो जसले तिनका पुर्खा अथवा तिनलाई सितैमा महिनौसम्म खाना खुवाएको थियो, भोकै मर्नबाट जोगाएको थियो। कदाचित यदि फेरि पनि भोकमरीको अवस्था सुजना हुन्छ भने त्यस्तो अवस्थामा इस्कोन अथवा अन्य कुनै संस्थाले किन र कसरी सहयोग गर्ने ?

बंगलादेशका अल्पसंख्यक हिन्दु र बुद्ध धर्मालवम्बीहरु माथि जुन अत्याचार, अन्याय, व्यभिचार र दमन गरियो, त्यो निन्दनीय हो, त्यसलाई आन्दोलनको संज्ञा दिन सकिदैन अन्तरिम सरकारका प्रधानमन्त्री मोहमम्द युनुसको नेतृत्वमा गठिन एघार सदस्यी मन्त्रीपरिषद्मा दुई जना छात्र नेता छन् जवकि एक जना जमाते इस्लामिक सम्बन्धित मौलाना रहेका मानिन्छ। यस सरकारको स्थायीत्वमाथि शुरुम प्रश्नचिन्ह उठेको छ। अन्तरिम सरकारका प्रधानमन्त्री युनुसले अल्पसंख्यक हिन्दु र बौद्धमाथि भइरहेको अन्याय र अत्याचार नरोकि आफु पनि पदबाट राजीनामा दिने धम्की दिएका छन् उनले यस राजीनामाको धम्कीको असर पर्ने छैन किनभने यस सरकारका चार स्तम्भमा तीन स्तम्भ बंगलादेशमा राजनीतिक स्थायीत्वका पक्षधार छैनन्।

बि.एनपीका अध्यक्ष र पूर्व प्रधानमन्त्री बेगम खालिदा जिया इस्लामिक कटर समुह जमाते इस्लामि र त्यहाँको सेनाको महत्वकाक्षां माथि कसैले पनि रोक लगाउने छैनन्। बंगलादेशको राजनीतिमा सेनाको भूमिका निर्णायक रही आएको छ।, पटक पटक सैनिक विद्रोहमार्फत सत्ता कब्जाका घटनाहरु भएका छन्। बंगलादेशमा क्रान्ति होइन प्रति क्रान्ति भएको छ र यसले देशलाई अग्रमनतिर होइन, पस्चगमन तिर डोऱ्याउने छ।

**मधेशमा आन्दोलनको प्रभाव**

श्रीलंकामा सरकार विरोधी आन्दोलन हुँदा पनि यसको असर नेपालमा पर्ने र नेपालीहरु सडकमा आउने अनुमान गरिएको थियो तर केही पनि भएन, श्रीलंकाको घटना हुँदा पनि यस्तै खाले चर्चा चलेको थियो तर केही पनि भएन। नेपालमा सरकार विरोधी आन्दोलन नहुनुको कारण यहाँ विपक्षी दलहरु नै नहुनु हो। जो दल सरकारमा हुन्छ, त्यो त स्वभाविक रुपमा नै सरकारको पक्षमा उभिने र समर्थन गर्ने कुरा भयो तर यहाँ त विपक्षी दलहरु पनि सिण्डिकेट प्रणालीमा चल्ने यात्रु बाहन जस्तै आफनो पालोको प्रतिक्षामा हुन्छ, प्रतिस्पर्धा र आन्दोलन गर्न नै चाहदैन। नेपालको राजनीति नै सिण्डिकेटमा चलेको छ। राजनीतिक दलहरुले आफ्नो नेता र कार्यकर्तालाई बँधुवा र कमैया मजदुर बनाएर राखेका छन्, जहाँ गए पनि त्यही गर्नुपर्ने हुन्छ। मालिक मात्रै फेरिन्छ, नोकरको काम र पदमा अन्तर आउँदैन।

बि.स.२०७२ सालमा नेपालको संविधानको निर्माणका बखत मधेशी दलहरुले आन्दोलन गरेका थिए तर आन्दोलनको असर नभएपछि संविधान सभाबाट संविधान पनि जारी भयो र मधेशी दलहरु आफैले आन्दोलन बिसाउन पनि बाध्य भए। त्यसपछि गएको नौ वर्षमा एउटा पनि आन्दोलन भएको छैन। आन्दोलन नुहुनुको कारण देशका राजनीतिक दलहरुमा कायम रहेको सत्ता लिप्सा हो, पद लोलुप्ता हो, भ्रष्टाचारका घटनामा जेल जाने डर हो। मधेशी दलहरु विगत नौ वर्षमा न त एउटा आन्दोलन गर्न सके न त आफना दललाई नै एक जुट राख्न सके।

महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल र उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल पनि अक्सिजनकै सहारामा बाँचिरहेका छन्। नवगठित जसपा पनि आउँदो चुनावमा सकिने निश्चित छ। तराई मधेशमा अहिले सिके राउतको जनमत पार्टी चर्चामा छ तर यो पनि आवश्यकता भन्दा बढी ध्यान प्रतिकात्मक र प्रचारात्मक राजनीतिलाई नै दिएको छ अब मधेशीहरुको कुनै मुद्दा नै बाँकी छैन। मुद्दा सकिए पनि सिके राउतले नौलो गणतन्त्रका कुरा उठाएका छन् भने उपेन्द्र यादवले संविधान संशोधनको कुरा उठाएका छन्। महन्थ ठाकुरले त मधेश आन्दोलनको क्रममा मुद्दा लागेकाहरुको मुद्दा फिर्ता, जेलमा रहेकालाई रिहाको मुद्दा मात्र उठाइ रहेका छन्। तर मधेशका कुनै पनि नेतामा मुद्दाका एजेण्डा देखिदैन। एक समय बंगलादेशमा भोकमरी र गरिबीले घरजम गरेको थियो। तर छोटो समयमा त्यसबाट मुक्त मात्र भएनन् दक्षिण एसिया देशहरुमा आर्थिक वृद्धिमा अगाडि भयो। आर्थिक वृद्धिमा भारतलाई समेत चुनौती दिएको छ। अन्य देशहरुभन्दा धेरै नै अगाडि बंगलादेशको अर्थतन्त्र छ। तर मधेशी जहाँको त्यही मात्र होइन दिनदिनै पछाडि परिरहेका छन्। छोटो समयमा बंगलादेशले कसरी विकास गऱ्यो त्यसबाट मधेशले सिक्नु पर्छ।

## निगरानीमा...

सिंह पनि झेलिरहनु भएको छ। तर उहाँ धेरै दिनसम्म झेल्न सक्नु हुन्न भनि उहाँ निकट नेताहरु बताउनु हुन्छ। किनभने पार्टी उहाँलाई पुरै निगरानीमा राखेको छ। पार्टीका एक जना कार्यकारिणी सदस्यले भन्नुभयो, 'सतिशकुमार सिंह नामले मात्र मुख्यमन्त्री बन्नुभएको छ, अरु सबै काम सिके राउतका दाइ जयकान्त राउतले गर्नुहुन्छ। मधेश प्रदेश सरकारको रेखदेख र सञ्चालन गर्ने जिम्मेवारी जयकान्त राउतलाई दिएको छ। उहाँ सतिशकुमार सिंहमाथि मात्र होइन पुरै सरकारमाथि हावी हुन खोज्नु भएको छ।' यहाँसम्म कि सचिवालयमा आफूले चाहेको व्यक्ति पनि सतिशकुमार सिंहले राख्न पाउनु भएको छैन।

सतिश कुमार सिंह कति दबावमा काम गर्नुहुन्छ त्यसको पुष्टि हालसालै राज्यमन्त्री नियुक्त गरेर त्यसलाई पुनः बर्खास्त गर्नुले पुष्टि भएको छ। मुख्यमन्त्री सिंहले साउन २२ गते पाँच जना राज्यमन्त्री नियुक्त गरेर २० सदस्यीय मन्त्रिपरिषद् गठन गर्नुभएको थियो। त्यसअघि तीन राज्यमन्त्रीसहित १५ सदस्यीय मन्त्रीपरिषद् गठन भएकै थियो। तर उहाँले सिके राउतको दबावलाई सात दिन पनि झेल्न सक्नु भएन र सबै राज्यमन्त्रीलाई बर्खास्त गर्न बाध्य हुनुभयो। २० सदस्यीय मन्त्रीमण्डल मुख्यमन्त्री सिंह आफ्नै मनले गठन गर्नुभएको थिएन। उहाँले पार्टीका अध्यक्ष सिके राउतदेखि लिएर जयकान्त राउत र अन्य शीर्ष नेताहरुसँग छलफल गरेर नै गठन गर्नुभएको थियो। काँग्रेस, एमाले, लोसपासँग पनि अध्यक्ष राउतले आफै डिल गर्नुभएको थियो। सबैसँग सल्लाह गरेरै बनाएको मन्त्रीमण्डलको जब विरोध हुन थाल्यो अनि अध्यक्ष राउत आफू त्यसबाट बच्नका लागि सारा दोष सतिशकुमारमाथि थुपार्दिनु भयो।

**मुख्यमन्त्रीमाथि आरोप**

साउन २५ गते नै मुख्यमन्त्री सिंहलाई स्पष्टिकरण सोध्नुभयो। के कति कारणले यत्रो जम्बो मन्त्रीमण्डल बनाउनु भएको, मन्त्रिमण्डल बनाउँदा पार्टीसँग सल्लाह किन नगरेको भनि मुख्यमन्त्रीलाई लिखित जवाफ दिन स्पष्टिकरण सोध्नु भएको थियो। जनमत पार्टीका प्रवक्ता शरदसिंह यादवले मिडियालाई दिनुभएको प्रतिकृया अनुसार पार्टीसँग बिना समन्वय गरी मुख्यमन्त्री सिंहले मन्त्रालय बाँडफाँड गरेको र राज्यमन्त्रीको संख्या थप गरेको विषयमा स्पष्टीकरण सोधिएको थियो। प्रवक्ता यादवले सिंहलाई मन्त्रालयको काममा भन्दा उद्घाटन समारोहमा बढी समय दिएको आरोप पनि लगाएका प्रतिकृया सञ्चारमाध्यमलाई दिनुभएको छ। मुख्यमन्त्री सिंहले सांसदहरूका लागि पाँच करोड रुपियाँको बजेट दिने निर्णय किन गरेको पनि पार्टीले स्पष्टिकरण माग गरेको छ। यस्तो क्रियाकलापले जनमत पार्टीको छविमा आँच पुगेको पार्टीले गम्भीर आरोप मुख्यमन्त्री सिंहमाथि लगाएको छ। मुख्यमन्त्री बनेको चार महिना पनि पुगेको छैन, सिके राउतले उहाँमाथि आरोपको चाँङ नै थुपार्नु भएको छ। यसले पुष्टि हुन्छ कि मुख्यमन्त्री सिंह सिके राउतको दबदबाले कसरी थिचिनु भएको छ।

**मुख्यमन्त्रीको बचाउ**

तर त्यही अध्यक्ष राउतले यस्ता आरोप लगाउनुभन्दा पहिले आफ्नो फेसबुकमा मुख्यमन्त्री सिंहको बचाउमा लेख्नुभयो, 'बुझ्नुपर्छः यो मधेश सरकार गठबन्धनको हो, जनमतको होइन, गठबन्धन र खासगरी दुई ठुला पार्टीले निर्धारण गरेको हो कि कति मन्त्रालय कसले राख्ने, कति राज्यमन्त्री राख्ने, कुन कुन मन्त्रालय कसले राख्ने यसमा हाम्रो केही चल्दैन किनकि जनमत पार्टीको सीट संख्या मधेश प्रदेशमा पनि निर्णायक होइन, अहिलेकै गठबन्धनमा पनि हामी बिना नै मधेश सरकार बन्छ त्यसैले हामीले चाहेर मात्र हुँदैन्।' २० सदस्यीय मन्त्रीमण्डल गठन गरेको भोलीपल्टै अध्यक्ष सिके राउतको यस्तो प्रतिकृया आएको थियो तर दुई दिनमै के भयो कि मुख्यमन्त्री सिंहमाथि सारा दोष थुपारेर स्पष्टिकरण नै सोध्नुभयो। स्पष्टिकरण सोधेपछि त्यसको जवाफै न दिइ मुख्यमन्त्री सिंहले सबै राज्मयमन्त्रीलाई हटाउनुभयो। तर खतराको तरबार सिंहमाथिबाट अझै हटेको छैन।

**यसरी हात पार्नुभयो मुख्यमन्त्री**

एमाले-माओवादी गठबन्धन बनेपछि जनमत पार्टीले महेश यादवलाई मुख्यमन्त्री बनाउने निर्णय गरेको थियो। तर जब मुख्यमन्त्री बन्ने समय आयो अनि जनमत पार्टीले सतिशकुमार सिंहलाई मुख्यमन्त्री बनायो। महेशको बारेमा निर्णय गर्ने अनि अनि मुख्यमन्त्री सतिशलाई बनाउने भनि जब टिप्पणी हुन थाल्यो अनि जनमत पार्टीका नेताहरुले महेशलाई मुख्यमन्त्री बनाउने पार्टीमा निर्णय नै नभएको प्रतिकृया दिएका थिए। ठूलो आर्थिक लेनदेनमा सतिशलाई मुख्यमन्त्री बनाएको कुरा आमरुपमै टिप्पणी हुने गरेका छन्।

गत जेठ २५ गते सतिशकुमार मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो। जब कि उहाँ संसदीय दलका नेता पनि थिएन। मुख्यमन्त्री बनाउनका लागि नै महेश यादवलाई संसदीय दलको नेता बनाइएको थियो। नेकपा एमालेसहित ६ दलका ५५ जना सांसदको समर्थनमा ४२ वर्षीय सतिश सिंह मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो।

सप्तरीको तिलाठी कोइलाडी तिलाठी निवासी मुख्यमन्त्री सिंह २०७९ को स्थानीय तहको निर्वाचनमा कोइलाडी गाउँपालिका अध्यक्षमा लोसपाबाट उम्मेदवार भई पराजित हुनुभएको थियो। तर २०७९ भदौमा जनमत पार्टीमा प्रवेश गरी सप्तरीको निर्वाचन क्षेत्र नम्बर २ (१) बाट प्रदेशका तात्कालीन अर्थमन्त्री शैलेन्द्रप्रसाद साहलाई पराजित गर्दै प्रदेशसभा सदस्यमा उहाँ विजय हुनुभएको थियो। सिंहले १६ हजार ७३४ मत प्राप्त गर्नुभएको थियो।

२०५२ मा राजविराजस्थित राजदेवी माध्यमिक विद्यालयमा अध्ययनकै क्रममा मुख्यमन्त्री सिंह तात्कालिन सद्भावना पार्टीको विद्यार्थी संगठन विद्यार्थी मञ्चको सदस्यता लिनुभएको थियो। अध्ययनका लागि उहाँ सन् २००१ देखि २००४ सम्म भारत गएपछि नेपालमा उहाँको राजनीतिक यात्रामा विराम लागेको थियो। दोस्रो संविधानसभाको निर्वाचनपूर्व उहाँ शरतसिंह भण्डारीको नेतृत्वको तत्कालिन राष्ट्रिय मधेश समाजवादी पार्टीमा प्रवेश गरेर जिल्ला अध्यक्ष हुनुभएको थियो। पछि तत्कालिन राजपा नेपालको पनि जिल्ला अध्यक्ष नै रहनु भयो। राजपाबाट उहाँ सप्तरीको तिलाठी कोइलाठी गाउँपालिकाको अध्यक्ष पदमा २०७४ को स्थानीय तहमा उहाँ चुनाव जित्नुभएको थियो। तर पालिका अध्यक्षमा उहाँले दोस्रो पटकको यात्रा अगाडि बढाउन सक्नु भएन। कांग्रेसका अरुणकुमार मण्डलबाट उहाँ पराजित हुनुभएको थियो। त्यसपछि उहाँ सिके राउत पार्टीमा प्रवेश गर्नुभएको थियो। अहिले त्यही जनमत पार्टीबाट मुख्यमन्त्री बन्नुभएको छ तर पार्टी निगरानीमा रहेर काम गरिरहनु परेको छ उहाँलाई।

○ अन्तरवार्ता

# मधेश विद्रोहका लागि जनतामा उकुस मुकुस छ



■ जयराम यादव, केन्द्रीय सदस्य, जनता समाजवादी पार्टी नेपाल

जनता समाजवादी पार्टी नेपालले जेठको अन्तिममा पार्टीको एकता महाधिवेशन सम्पन्न गरेको छ। त्यसको एक महिनापछि केन्द्रीय समितिको घोषणा गर्‍यो। त्यसको ठिक एक महिनापछि महाधिवेशनबाट बनेको केन्द्रीय समितिको बैठक बस्यो। त्यो बैठक चार दिनसम्म चल्यो। संगठन बनाउनका लागि चार महिने अभियान सञ्चालन गर्ने निर्णय त्यो बैठकले गरेको छ। त्यसका लागि सबै केन्द्रिय सदस्यलाई पालिका स्तरमा खटाएको छ। यसरी हेर्दा महाधिवेशनपछि पार्टी सक्रिय भएको जस्तो देखिन्छ तर यतिबेला किन ? पार्टी विभाजनपछि कमजोर भएर हो कि अरु अन्य कारण छन्। यिनै विषयहरुको बारेमा जसपा नेपालका केन्द्रीय सदस्य जयराम यादवसँग सहारा टाइम्सले गरेको संक्षिप्त कुराकानीको सम्पादीत अंशः

**तपाईहरु पार्टीको केन्द्रीय समितिको बैठक चार दिनसम्म लगातार चल्यो यति लामो बैठकले के के निर्णय गर्‍यो ?**

जेठको अन्तिममा जनकपुरमा सम्पन्न पार्टीको महाधिवेशनपछि केन्द्रीय समितिको पहिलो बैठक थियो त्यो। महाधिवेशनपछि बनेको केन्द्रीय समितिमा कतिपय नयाँ सदस्यहरु पनि छन् भने कतिपय पुरानाहरु पनि छन्। पहिलो बैठक भएको कारण वैचारिक, सैद्धान्तिक रुपमा केन्द्रीय सदस्यहरुलाई प्रशिक्षित गर्नुको साथै अगामी दिनमा संगठनलाई कसरी अगाडि बढाउने, आउने दिनमा देशमा आइरहेको चुनौतीलाई कसरी सामना गर्नेलगायतका विषयमा गम्भिर छलफल भयो। बैठकको पहिलो दिन केन्द्रीय सदस्यहरुको सपथग्रहण तथा एजेण्डा प्रस्तुतमै समय गएको थियो। त्यसपछि दुई दिन समसायिक विषयमा प्रशिक्षण सञ्चालन भएको थियो। त्यसपछि पेस भएका राजनीतिक प्रस्तावलगायत अन्य एजेण्डामा छलफल भइ निर्णयमा पुग्ने काम भयो। संगठन निर्माणका लागि चार महिने अभियान सञ्चालन गर्ने निर्णय पनि भयो।

**पार्टीको जुन पछिल्लो अवस्था छ, जुन अवस्थाबाट गुज्रिरहेको छ त्यसको बारेमा समिक्षा भयो कि भएन ?**

पछिल्लो अवस्था भन्नाले तपाई विभाजनतिर इकिंत गर्नुभएको छ जस्तो लाग्छ। पार्टी विभाजन आफैमा पिडादायी कुरा हो। एउटा संगठनको निर्माण वर्षौको मेहनतले भएको हुन्छ। त्यो संगठन कुनै कारणले विभाजन हुन्छ भने त्यो पिडादायी कुरा हो। अशोक राइजीहरु पार्टी छाडेर जानुभयो। छुट्टै पार्टी बनाउनुभयो। त्यसको विषयमा सर्वोच्च अदालतमा मुद्दा विचाराधिन छ। भदौं १३ गते केही छिनोफानो हुन्छ। पार्टी विभाजन लगतै केन्द्रीय समितिको बैठक बसेको थियो। त्यो बैकठमा व्यापक रुपमा पार्टी विभाजनको विषयमा समिक्षा भएको थियो। त्यसपछि जेठमा भएको महाधिवेशनमा पनि यसको विषयमा छलफल र समिक्षा भएको थियो। केही साथीहरुले व्यक्तिगत स्वार्थका कारण पार्टी विभाजन गर्नुभयो र त्यसलाई राज्यपक्षले सहयोग गर्‍यो भनि पार्टीले निष्कर्ष निकाल्यो।

**केन्द्रीय समितिको बैठकबाट चार महिने अभियानको घोषणा गरेको छ पार्टीले यो चार महिनामा के के गर्छ ?**

पार्टीको संगठनलाई सुदृढीकरण तथा बलियो बनाउन यो अभियान सञ्चालन गरिएको हो। पुरानो सदस्यको सदस्यता नविकरण गराउन तथा नयाँलाई सदस्यता वितरण गर्ने काम यो अभियानको क्रममा हुन्छ। जहाँ संगठन छ, त्यहाँ त्यसलाई पुनर्गठन वा त्यसलाई सुदृढीकरण गर्ने, जहाँ संगठन छैन त्यहाँ संगठन बनाउने काम हुन्छ। जन-जनमा जसपा नेपालको पहुँच बढाउन यो अभियान सञ्चालन गरिएको हो। जहाँ जसपा नेपालको पहुँच छैन त्यहाँ कसरी पहुँच बनाउने त्यसको रणनीति विषयमा पनि यो अभियानले काम गर्नेछ। अर्थात संगठनलाई थप बलियो कसरी बनाउने, जसपा नेपालप्रति जनतालाई आकर्षण कसरी बढाउने, नेता तथा कार्यकर्तालाई चलायमान कसरी बनाउने जस्ता कार्य यो अभियानको क्रममा हुन्छ।

**पार्टी विभाजन तथा सत्ता बाहिर गएपछि मात्र जसपा नेपाललाई अभियानको याद आयो भनि बाहिर टिप्पणी भइरहेको छ यस्तो किन ?**

होइन, यस्तो टिप्पणीकर्तामाथि मेरो कुनै टिप्पणी छैन। पार्टी विभाजनसँग वा सत्तासँग यो अभियानको कुनै सरोकार छैन। पार्टी विभाजन नहुँदा पनि जसपा नेपाल विभिन्न अभियान चलाएकै हो। सत्तामा भए पनि नभए पनि संगठनका लागि काम गरेकै हो। तपाईलाई याद होला, पार्टी विभाजन हुनुभन्दा पहिले पार्टी देशव्यापी प्रशिक्षण कार्यक्रमको आयोजना गरेको थियो। पालिका तहदेखि केन्द्रीय तहसम्म नेता तथा कार्यकतालाई पार्टीले तालिम दिएको थियो। त्यो कार्यक्रम सम्पन्न भएपछि पार्टीको एकता महाधिवेशन सम्पन्न भयो। सो महाधिवेशनपछि केन्द्रीय समितिको बैठक बस्यो र त्यो बैठकले चार महिने अभियान सञ्चालन गर्ने निर्णय गर्‍यो। यहाँ पार्टी विभाजन र सत्तासँग कहाँ अभियानको तारतम्य छ जस्तो लाग्छ तपाईलाई। पार्टी विभाजनले जसपा नेपालको संगठनमा कुनै असर परेको छैन। केही सांसदहरु पार्टीबाट जाँदा सँख्यामा कमी आएको मात्र हो तर संगठनमा कुनै असर परेको छैन। पार्टीका अध्यक्ष उपेन्द्र यादवज्यु विदेशमा रहेको बेला अशोक राइजीहरुले पार्टी विभाजन गर्नुभयो। सबै नेताहरु आफ्नो व्यक्तिगत स्वार्थमा परेर पार्टी विभाजन गर्नुभएको कुरा पुष्टि भइसकेको छ। पार्टी विभाजनमा उपेन्द्र यादवमाथि जुन आरोप लगाइएको छ। त्यसमा कुनै सत्यता छैन। उहाँहरुले पार्टीलाई धोका दिनुभएको छ। यो कुराको मूल्यांकन जनताले गर्नेछ।

**भनिन्छ, यो केन्द्रीय समितिको बैठक २०८४ लाई टार्गेट गरेर बसेको थियो के यो साँच्चै हो ?**

२०८४ मा चुनाव हुन्छ। त्यसमा जसपा नेपाल लोकतान्त्रिक प्रकृयाबाट भाग लिन्छ। त्यसलाई प्रतिष्ठाको विषय जसपा नेपालले बनाउँदैन। जसरी अरु समय चुनावमा जसपा नेपाले भाग लिएको थियो। त्यसरी नै ८४ पनि लिन्छ। एउटा लक्ष्य त रहन्छ कि विगतको चुनावभन्दा बेटर गर्ने। अहिलेको वर्तमान गठबन्धन सरकारले संविधान संशोधन कुरा उठाएको छ। संविधान संशोधनमा आदिवासी जनजाति, मधेशी, उत्पिडित समुदायको अधिकार समावेश होस् भनि जसपा नेपालको चासो हुन्छ। त्यसमा दबाव दिनका लागि जसपा नेपालले तयारी गर्छ। त्यसमा हामी सबैको कुरा समावेश होस् भनि दबाव दिन्छौं र त्यसको तयारी पनि यो अभियानको क्रममा हुन्छ।

**संविधान संशोधन तपाईहरुको पक्षमा हुन्छ भनि तपाईलाई विश्वास छ ?**

देशको हितमा संविधान संशोधन होस् भनि हामी चाहन्छौं। संविधान निर्माण हुन लाग्दा पनि हामीले यसमा सबैको कुरा समेटियोस् भनि दबाव दियौं तर त्यतिबेला कसैको कुरा नसुनि ठूला दल भनाउँदाहरुले हतार हतारमा संविधान निर्माण गरे। त्यो संविधानलाई सबभन्दा उत्कृष्ट भने। संविधानमा त्रुटी छ, यसलाई सच्याउन संशोधन गर्नुपर्छ भनि हामीले आन्दोलन पनि गर्‍यौं। तर शासकहरुले संविधान संशोधन गर्न चाहेनन्। आज उनीहरुले नै संविधानमा त्रुटी छ भने कुरा स्विकार गर्दै यसलाई सच्याउनु पर्छ भनिरहेका छन्। हामीले भनेको कुरा ठिक थियो भन्ने कुरा प्रमाणित भएको छ। अब हामीले उठाउँदै आएको विषयवस्तु समेटेर संविधान सशोधन गर्नुपर्छ त्यो हाम्रो चाहना हो र त्यसका लागि हामीले दबाव पनि दिन तयारी गरिरहेका छौं।

**तपाईहरुले भनेको अनुसार संविधान संशोधन भएन भने के गर्नुहुन्छ ?**

हामी माओवादीको जस्तो हतियार उठाउदैनौ। तर शान्तिपूर्ण आन्दोलन गर्छौं। विगतमा मधेशीसँग गरेको बेइमानीका कारण जनता कसरी सडकमा आएको थियो। कसरी मधेश विद्रोह भएको थियो, त्यसरी पनि हुनसक्छ। मधेशी जनतामा फेरि उकुस मुकुस छ। राज्य दमन गर्‍यो, अधिकार दिन तयार भएन भने लामो समय चुप लगाएर बस्दैन। आफ्नो अधिकार लिनका लागि कुनै नकुनै उपाय त लगाउँछ।

**अहिलेको काँग्रेस-एमाले गठबन्धनले त साना दललाई समाप्त गर्ने योजना बनाइरहेको छ, यस्तो केही कुरा तपाईले थाह पाउनु भएको छ ?**

यसको आधिकारिक पुष्टि कसैले गर्न सकेको छैन। तपाईले सुनेको जस्तो मैले पनि सुनेको हुँ। यो सुनि सुनाउ कुरा हो। यसको आधिकारी दस्तावेज वा निर्णय कही छैन। हल्लाको पछि लाग्नु हुँदैन। जुन दिन यसको आधिकारिक कुरा आउँछ त्यो दिन यसको बारेमा हामी पनि सल्लाह गर्छौं।

**काँग्रेस-एमालेका नेता खास गरि विशेष रुपमा एमालेका नेताहरुले साना दलका कारण देशमा अस्थिरता आएको हो भनिरहनु भएको छ यसमा तपाईको बुझाइ के हो ?**

होइन यसमा कुनै सत्यता छैन। मेरो विचारमा त तीन ठूला दलका कारण यो देशमा अस्थिरता आएको हो। सत्ताका लागि जे पनि गर्न तयार हुने ठूला दलले साना दललाई प्रयोग गर्ने कार्य मात्र गरे। कहिले यो गठबन्धन त, कहिले त्यो गठबन्धन त कहिले यो सरकार त कहिले त्यो सरकार भनेर उनीहरुले उलट फेर गरिरहेका हुन्छन्। र, त्यसमा साना दललाई ती ठूला दहरुले प्रयोग गरिरहेका हुन्छन्। तीन ठूला दल स्थिर भए भने देश कहिले अस्थिरतामा जाँदैन। आफ्नो गल्ती ढाकाछोप गर्नका लागि साना दललाई दोषी देखाएर पन्छिने काम ठूला दल भनाउँदाहरुले गरिरहेका छन्।

**त्यसो भए काँग्रेस-एमालेको यो गठबन्धन किन बनेको हो जस्तो लाग्छ तपाईलाई ?**

यो गठबन्धन भ्रष्टाचार लुकाउनका लागि बनेको हो। यसमा गिरीबन्धु टी-स्टेट र भुटानी शरणार्थी जस्ता काण्ड दबाउनका लागि यो गठबन्धन बनेको हो भनि यो कुरा स्पष्ट छ। बेचन झा पक्राउ पर्ने बित्तिकै हो गठबन्धन बनेको होइन ? अब त देशका बच्चा बच्चाले थाह पाइसके कि यो गठबन्धन किन बनेको हो। यो संविधान संशोधनलगायतका कुरा सब बहाना मात्र हुन्। हेर्नु होला यो गठबन्धनले संविधान संशोधन गर्न सक्दैन। बरु भुटानी शरणार्थी तथा गिरीबन्धु टि-स्टेट जस्ता काण्डहरु विस्तारै हराउँछन्। त्यसको चर्चा पनि हुँदैन। सबै फाइल गायब हुन्छन्। सबै प्रमाण नष्ट हुन्छ र गठबन्धनको उद्देश्य पुरा हुन्छ। संविधान संशोधन जस्तो विषय ल्याएर सबैलाई त्यसमा अल्झाएको छ। ताकि टि-स्टेटको बारेमा कसैले केही नबोलोस्।

**कोशी प्रदेशका लागि जसपा नेपालले एउटा छुट्टै कोशी प्रदेश नामाकरण विरुद्ध आन्दोलन परिचालन समिति गठन गरेको छ त्यसको आवश्यकता किन पर्‍यो ?**

एमालेलगायतका दलले प्रदेश नम्बर १ को नाम कोशी प्रदेश राखेदेखि नै जसपा नेपाल त्यसको विरुद्धमा आन्दोलन गर्दै आइरहेको छ। त्यसलाई झन व्यवस्थित र सशक्त बनाउनका लागि यो समिति बनाएको हो। कोशी प्रदेश नामाकरण खारेज गरी पहिचानको आधारमा नाम राख्नुपर्छ भनि माग राखेर आन्दोलन भइरहेको छ। जुन दिन पहिचानको आधारमा नामाकरण हुन्छ त्यो दिन आन्दोलन पनि स्थगित हुन्छ। प्रदेश नम्बर १ मा कोशी प्रदेशको नाम खारेजका लागि लामो समयदेखि आन्दोलन भइरहेको छ। त्यसमा दुई जना सहिद पनि भएका छन्। थुप्रै जना घाइते पनि भएका छन्। तैपनि राज्यले सुनेको छैन अब ठूलो धक्का दिने गरी आन्दोलनको आवश्यकता छ त्यसको तयारी भइरहेको छ।

# सीमा खान जसको संघर्ष परि

- बुवा राहत हुसेन खानले छोरी सीमालाई घरायसी काममा परफेक्ट बनाउन चाहनु हुन्थ्यो । महिलाले पढे लेखेर केही हुँदैन, जति पढे लखे पनि उसले गर्ने काम घरकै हो, अर्काकै घर जाने हो

- सीमाका आमा सइदा खान र बुवा राहत हुसेन खान बिच छोडपत्र भएको थियो । आपसी झगडाका कारण एक अर्कालाई छोडि सक्नु भएको थियो । जब आमा सइदा काठमाडौँ छाडेर आफ्नो माइत भारत फर्किनु भयो अनि सीमा खानलाई साथमा लिएर जानुभयो । त्यतिबेला सीमा खान चार वर्षका हुनुहुन्थ्यो । सीमा जन्मदा घरको परिवारिक अवस्था राम्रो थिएन

- सीमा खानले बच्चा पाउनुभयो । त्यसपछि उहाँ घरमै अल्भिनुभयो । थप पढ्ने घरको पनि माहोल थिएन । तर सेल्फस्टडी उहाँले कहिले छाड्नु भएन । तीन वर्षसम्म उहाँ घरमै बस्नु भयो कतै जानु भएन । त्यतिबेलासम्ममा उहाँले एउटा नेपाली भाषाको उपन्यास लेखिसक्नुभयो 'बुहारीको मोटरसाइकल' । उहाँले उपन्यास लेखेर छपाउनु पनि भयो



मुस्लिम महिलाको हक हितका लागि विगत २० वर्षदेखि संघर्ष गर्दै आउनु भएको सीमा खानलाई नचिन्ने कमै होला । महिला अधिकारकर्मीको रुपमा परिचित सीमा खान त्यतिकै सीमा खान बन्नु भएको होइन, आगोको भुङ्ग्रोमा तपिएर, पिटिएर मात्र सीमा खान बन्नुभएको हो ।

आगोको भुङ्ग्रोमा भनेको साँच्चैको आगो होइन तर साँच्चैको आगोभन्दा तेज आगोमा तपिएर सीमा खान यहाँसम्म आइपुग्नु भएको हो । त्यो आगोको डरले अगाडि नबढेको भए आज एउटा कुनै घरको बुहारी सीमा खानमा सिमित हुनुहुन्थ्यो । उहाँको समाज र परिवारले पनि सीमालाई एउटा छोरी र बुहारीको रुपमा मात्र अपनाउन चाहेको थियो ।

त्यहाँबाट उहाँले विद्रोह नगरेको भए, त्यहाँबाट जवर्जस्ती आफ्नो कदम अगाडि नबढाएको भए सीमालाई चुल्हो चौका र घरधन्दामा सिमित हुनुपर्थ्यो । सीमा खान आज नेपालमा मात्र होइन, अन्तराष्ट्रिय रुपमा आफ्नो पहिचान बनाउनु भएको छ । विश्वका २३ वटा देशमा गएर त उहाँले नेपालका मुस्लिम महिलाको बारेमा आफ्नो प्रस्तुती नै दिइसक्नु भएको छ ।

**बुवाको चाहना**

बुवा राहत हुसेन खानले छोरी सीमालाई घरायसी काममा परफेक्ट बनाउन चाहनु हुन्थ्यो । महिलाले पढे लेखेर केही हुँदैन, जति पढे लखे पनि उसले गर्ने काम घरकै हो, अर्काकै घर जाने हो । त्यसैले घरका सारा काम सिक्नुपर्छ भनि सीमालाई पढ्नबाट रोकेर घरका काममा लगाउनु हुन्थ्यो । सीमा खान भन्नुहुन्छ, 'मेरो घरमा त्यतिबेला नौ जना नोकर थिए, घर भित्रका तथा बाहिरका सबै काम नोकरहरुले नै गर्थे तर म अलि ठूली भएपछि बुवाले घरका सारा काम मलाई नै गर्न लगाउनु हुन्थ्यो ।'

बुवाले खाना बनाउनुदेखि लिएर खाना परोसेर खुवाउने, पहुनालाई सत्कार गर्नेलगायत घरायसी काम उहाँलाई गर्न लगाउनु हुन्थ्यो । तर सीमालाई पढ्ने इच्छा थियो । पढेर केही बन्ने इच्छा थियो । यो समाजका लागि केही गर्ने इच्छा थियो । तर उहाँका बुवालाई छोरीले पढाई लेखाइ नगरोस् घरायसी काममा पर्फेक्ट भएर बिहे गरेर जायोस् भने थियो ।

सीमा जन्मे, हुर्केका पढे बढेका काठमाडौंमै हो । उहाँको खास घर कपिलवस्तुको कृष्णनगर हो तर उहाँको बुवा सरकारी जागिरमा काठमाडौं भएको कारण सीमाको जन्म, लालन, पालन सबै काठमाडौंमा नै भयो । यसौ भनौं सीमा खान अब काठमाडौंको बासी नै हुनुभयो । अब त आफ्नो गाउँ कृष्णानगर पहुनाको रुपमा पनि जानु हुन्न । सीमा खानका बुवाहरु लामो समय काठमाडौंमा बसे पनि सोच कपिलवस्तुकै थियो । सोच त्यही कृष्णनगरहरुकै जस्तो थियो । सीमालाई घरबाट निस्कन त के कुनै पाहुना घरमा आउँदा सामुनेमा आउन पनि दिन हुन्नथे । घरको घण्टी कोही बजायो भने त्यसलाई खोल्न समेत जान दिइदैन्थ्यो उहाँलाई ।

सीमा खान भन्नुहुन्छ, 'घरका घण्टी बज्दा को आउनु भयो बच्चाहरु कति उत्साहित हुन्छन्, कुदेर खोल्न जान्छन् तर मलाई त्यसको इजाजत थिएन । कोही आउने भएपछि झन घरमै बस्न भन्नुहुन्थ्यो ।' सीमालाई कतै बाहिर जानु पर्‍यो भने आमा वा कुनै आफन्तसँग गाडिमा जानु हुन्थ्यो र गाडिमै फर्किने हुन्थ्यो ।

तर छोरा मान्छेलाई यस्तो हुँदैन्थ्यो । सीमाका दुई जना दाई हुनुहुन्थ्यो । उहाँहरु मज्जाले पढ्न जानु हुन्थ्यो । जता जान मन लाग्यो त्यतै जानु हुन्थ्यो । कुनै प्रकारको रोकटोक थिएन तर सीमालाई घरमा ती कुनै कुराको सुविधा थिएन । जुन उहाँका दाइहरुले प्राप्त गरिरहनु भयो । यसको मुख्य कारण मुस्लिम छोरी नै हो । काठमाडौं जस्तो सहरमा रहेर, पढे लेखेका परिवारमा पनि यसको खालको विभेद किन त भनि जिज्ञासामा सीमा खान भन्नुहुन्छ, 'काठमाडौं होस् या गाउँघर मुस्लिमको सोच महिलाप्रति सुरुदेखि नै त्यस्तै थियो झन मेरो बुवा पुरानो सोचका हुनुहुन्थ्यो । काठमाडौंमा बसे पनि सोच कपिलवस्तुतिरकै थियो ।'

**पारिवारिक अवस्था ।**

सीमाका आमा सइदा खान र बुवा राहत हुसेन खान बिच छोडपत्र भएको थियो । आपसी झगडाका कारण एक अर्कालाई छोडि सक्नु भएको थियो । जब आमा सइदा काठमाडौं छाडेर आफ्नो माइत भारत फर्किनु भयो अनि सीमा खानलाई साथमा लिएर जानुभयो । त्यतिबेला सीमा




खान चार वर्षका हुनुहुन्थ्यो । सीमा जन्मदा घरको परिवारिक अवस्था राम्रो थिएन । आमा-बुवा छुटिएपछि सीमा आमासँग भारत जानुभयो ।

उहाँ त्यहाँ गएपछि भारत साउथ इण्डियाको एउटा स्कूलमा पढ्न थाल्नुभयो । त्यहाँ आठ कक्षासम्म पढ्नु भयो । अर्थात आफ्नो आमासँग भारतमा ८-९ वर्षसम्म बिताउनु भयो । पछि सीमालाई उहाँको बुवाले नेपाल बोलाउनुभयो । बुवाले त्यतिकै बेलाएको भए सायद आउथेन होला तर उहाँले पढाईको लोभ दिनुभयो, सीमाले खानले भन्नुभयो, 'बुवाले त्यतिबेला भन्नु काठमाडौं आइजा यति पढाउछु लेखाउछु राम्रोसँग राख्छु, भन्नु भएको थियो म पढाईकै लोभमा आमाको साथ छाडेर काठमाडौं फर्केको थिए ।'

तर काठमाडौं फर्केपछि सीमाले सोचे जस्तो भएन । बुवा राहत हुसेनले कहिले के नाममा त कहिले बहानामा पढ्नबाट रोक्नु हुन्थ्यो । कहिले भारतमै पढ्नु भन्नुहुन्थ्यो, भारत जान तयार भएपछि होइन नेपालमै पढ्नुपर्छ भन्नुहुन्थ्यो । बुवा राहतबाट विभिन्न बहानामा उहाँको पढाइमा अवरोध भइरहेको थियो । तर सीमाले घरमा पढाई कहिले छाड्नु भएन । आज न भोली पढ्छु नै । परीक्षा दिनै पर्छ भनि उहाँ घरमा किताबहरु पढ्नु हुन्थ्यो । विभिन्न अभ्यास गर्नुहुन्थ्यो । त्यो कुरा पनि सीमाका बुवालाई मन परेको थिएन । पढी रहेको देखेर सीमालाई घरका काममा लगाउनु हुन्थ्यो । कतियौं पटक सीमा बुवाबाट चोराएर पनि परीक्षाको फर्म भर्नुहुन्थ्यो तर पछि पनि बुवाले थाह पाउँदा गाली गर्नुहुन्थ्यो । के के भनेर परीक्षा दिनबाट रोक्नुहुन्थ्यो ।

सीमा खान भन्नुहुन्छ, 'मेरो बुवाले पढाईमा ध्यान दिनुभएको थिएन तर राम्रो घरका राम्रो केटासँग विहे गरि दिने र त्यसका लागि दिनुपर्ने दहेजको जोहोमा लाग्नुभएको थियो । जति धेरै दहेज दिए त्यति राम्रो घरका केटा पाइन्छ भनि विश्वास मेरो बुबाको थियो र उहाँ हरहमेशा त्यसको जोगारमा हुनुहुन्थ्यो । मलाई सानैदेखि पढाईमा निकै रुची थियो, जतिखेर पनि केही नकेही पढि रहौं जस्तो लाग्थ्यो ।'

**बुबाको निधन**

सोही क्रममा सीमाको बुबा विरामी पर्नुभयो । र विरामीका कारण छ महिना पनि बाँच्न सक्नुभएन । त्यसपछि त झन सीमाको अगाडि दुखको पहाड आइपुग्यो । सानै छँदा आमा-बुबा बिच झगडा भएर छुट्टिनु भएको थियो । बुबाले पछि बिहे गर्नुभयो । सौतेनी आमाले पनि पढाउन चाहनु भएको थिएन । उहाँले पनि बिहे गरेर छिट्टै अर्काको घर पठाइ दिएर बोझ हल्का गर्ने सोचमा हुनुहुन्थ्यो । सीमासँग त्यही अनुसारको कुरा पनि गर्नुहुन्थ्यो सौतेनी आमाले । पढाइको त कसैले नामै लिइरहेका थिएनन् । सीमा खानाका बुवाले मधेशतिरकै मुस्लिम केटा खोजेर विहे गरि दिने सोच बनाउनु भएका थियो । त्यो अनुसारको केटा पनि खोजि भइरहेको थियो । तर सीमालाई मधेशमा विहे गर्नु थिएन ।

सीमा खान भन्नुहुन्छ, 'मलाई पढ्ने मन थियो बुवाले पढ्न दिनुभएन सौतेनी आमा तथा दाईहरुले के पढ्न दिनु हुन्थ्यो र । त्यसमा तराई मधेशतिर विहे गरियो भने त्यहाँको परिवारले झन पढ्न दिने छैन, त्यसैले मैले काठमाडौंको केटासँग विहे गर्छु कम से कम त्यो केटाले पढ्न त दिन्छ ।' अन्ततः काठमाडौं डिल्ली बजारकाका मोहम्मद कादिरसँग

# िवारबाट नै भएको थियो शुरू

सन् १९९० मा सीमा खानको बिहे भयो । बिहे गरेपछि सीमा आफ्नो श्रीमानका साथमा बस्न थाल्नुभयो । बिहे गरेर गएपछि सीमाको पहिलो डिमाण्ड थियो पढाइको । आफ्नो श्रीमानलाई उहाँले भन्नुभएको थियो, 'म पढ्न चाहन्छु ।' त्यसपछि सीमाका श्रीमान् कादिरले 'धेरै राम्रो, पढ्नुस् मैले तपाईलाई यसमा के सहयोग गर्नुपर्छ, सबै गर्छु' भनि प्रतिकृया दिनुभएको थियो ।

सीमा खानले पढ्न थाले तर समस्या त्यहाँ पनि त्यस्तै भयो । उहाँको पढाई लेखाइलाई उहाँको सासु, ससुराले मन पराउनु भएको थिएन । सीमा खान भन्नुहुन्छ, 'बुहारी घर सम्हाल्ने हो, पढ्ने होइन भनि सोच हाम्रो सासु ससुराको थियो, मैले पढाई सुरु गर्दा ससुरबुवा धेरै पटक रिसाउनु भएको थियो तर श्रीमान्को साथ सहयोग रहेको कारण म पढाईलाई निरन्तरता दिए र प्राइभेटबाट सन् १९९२ मा एसएलसी पास गरे ।' यसरी पास गर्दा पनि घरमा कोही खुशी थिएनन् । छोरी मान्छे, बुहारी मान्छे पढ्नु हुँदैन भनि उहाँहरुका पुरातन सोच थियो मेरो आमा बुवाको जस्तै, सीमा खानाले भन्नुभयो, कक्ष १० को त पास गरे अब उच्च शिक्षाका लागि अगाडि पढ्ने सोच मनमा आयो तर यो कुरालाई घरमा अगाडि बढाउने कसरी, घरका प्रमुख व्यक्तिले नै पढाईबाट रोक्नुभयो त्यो व्यक्तिले उच्च शिक्षाका लागि इजाजत देला जस्तो मलाई लागेको थिएन ।'

तैपनि सीमाले आफ्नो श्रीमानसँग कुरा गर्नुभयो । श्रीमानमा कुनै समस्या थिएन । श्रीमान कादिरले ओ्के भन्दिनु भयो । तर श्रीमानले मात्र भनेर हुँदैन घरका मुख्य व्यक्ति ससुरबुवाले इजाजत नदिएसम्म घरमा एउटा पता समेत हलिदैन । घरका अन्य बुहारीहरु पनि ससुराबाको डरले थरथर कामिरहेका थिए । कोही उहाँको अगाडिमा बोल्ने हिम्मत गर्दैन्थे । तर सीमा खान अलि फरक गरिरहनु भएको थियो । बाहिर निस्किने, लेख पढ् गर्ने, अन्य अन्य समाजिक कुराहरुमा पनि चासो लिनु हुन्थ्यो ।

**बुहारीको मोटरसाइकल**

सीमा खानले बच्चा पाउनुभयो । त्यसपछि उहाँ घरमै अल्झिनुभयो । थप पढ्ने घरको पनि माहोल थिएन । तर सेल्फस्टडी उहाँले कहिले छाड्नु भएन । तीन वर्षसम्म उहाँ घरमै बस्नु भयो कतै जानु भएन । त्यतिबेलासम्ममा उहाँले एउटा नेपाली भाषाको उपन्यास लेखिसक्नुभयो 'बुहारीको मोटरसाइकल' । उहाँले उपन्यास लेखेर छपाउनु पनि भयो । यो कुरा उहाँको श्रीमानबाहेक घरमा अरु कसैलाई थाह थिएन । तर सीमा खानले त्यो छापिएको उपन्यास ससुरा बाको डरले बजारमा पठाउनु भएन । छापिएको उपन्यास बोरामा हालेर पलङमुनी लुकाउनुभयो । चिनेका साथी भाइलाई लुकाइ छिपाइ दिनु हुन्थ्यो ।

पछि के गरी सीमा खानको ससुरा बाले उपन्यासको बारेमा थाह पाउनुभयो । घरमा बेस्सरी रिसाउनुभयो । सामुदायको नाक कटाइस्, घरपरिवारको इज्जत बर्बाद गरिस् जस्ता कुराहरु रिसले बोल्नुभएको थियो । तर उहाँले सीमाले लेख्नु भएको उपन्यास पढ्नु भएको थिएन । सीमा खान भन्नुहुन्छ, 'ससुरा बाले उपन्यासको बारेमा थाह त पाउनुभयो तर उहाँले पढ्नु भएको थिएन, उपन्यास लेखेको कुरा थाह पाएर नै रिसाउनुभयो ।' नेपालको कुनै मुस्लिम महिलाले लेखेको पहिलो उपन्यास नै 'बुहारीको मोटरसाइकल' थियो । त्यसअघि कुनै नेपाली मुस्लिम महिलाले यस्तो उपन्यास लेख्नु भएको थिएन ।

जजसले उपन्यास लगेर पढेका थिए उनले त्यसको निकै प्रशंसा गरेका थिए । सीमालाई फोन गरेर, भेटेर पनि उपन्यासको प्रसंशा गरेका थिए । त्यो कुरा पनि घरका मान्छेहरुलाई मन परेको थिएन । बुहारीको तारिफ गर्दा पनि घरमा पचिरहेको थिएन । पछि सीमा खानका ससुरबाले पनि त्यो उपन्यास पढ्नु भयो । साँच्चै उपन्यास राम्रो रहेछ । उहाँले पनि सीमाको प्रसंशा गर्नुभयो । त्यो उपन्यास पढेपछि सीमाप्रति थोरै भए पनि सकारात्मक हुनुभएका थियो ।








**पद्मकन्यामा पढाइ**

सीमा खानले एसएलसी पास गरेको तीन वर्षपछि इन्टर पढ्नका लागि पद्मकन्या क्याम्पसमा नाम लेखाउनु भयो । त्यो पनि आफ्नो ससुरबुवाबाट चोराएर । क्याम्पसमा नाम लेखाएको थाह पाएपछि ससुराबा खुब रिसाउनु भएको थियो । क्याम्पस पढ्न जान थालेपछि त झन आगबबुला हुनुभएको थियो । त्यसले गर्दा उहाँको पढाईमा डिस्टर्ब भयो । कहिले काही मात्र क्लाशमा पढ्न जानु हुन्थ्यो ।

इन्टर पास गर्न ३-४ वर्ष लाग्यो सीमा खानलाई । पास गरेपछि उहाँले पुनः त्यही ब्यचालरमा नाम लेखाउनुभयो । सासु र ससुराले यसरी क्याम्पसमा बुहारी पढ्छिन् भनि कल्पना नै गर्नु भएको थिएन । बाहिर गएर क्याम्पसमा पढ्न उहाँहरुले सीमालाई निकै नै रोक्नुभयो । तर सीमा रुक्नु भएन । ब्याचलरको क्लाश रेगुलर गर्नुभयो । उहाँ भन्नुहुन्छ, 'घरमा रिसखिस भइरहेको हुन्थ्यो म त्यसलाई वास्ता नगरी पढाइमा लागेका थिए । म घरका सबै काम पनि भ्याउथे र पढ्न पनि जान्थे, यसरी रेगुलर पढ्न थालेपछि ब्याचलर एकैपटकमा क्लियर भयो ।'

**जागिर होइन समाजसेवा**

ब्याचलर पास गरेपछि सीमालाई जागिर गर्न मन लाग्यो । यो प्रस्ताव आफ्नो श्रीमानसँग राख्नुभयो तर श्रीमानले पनि त्यसको इजाजत दिनुभएन । उहाँका श्रीमान कादिरले भन्नुभएको थियो, ' जागिर गर्नु तिम्रो बसको कुरा होइन तिमी बहुत भावुक छौं र अर्को कुरा आमा बुवा पनि तिमीप्रति पोजेटिभ हुनुहुन्न त्यसैल गाह्रो छ बरु तिमी आफै केही गर ।' यो कुराले सीमालाई कता कता क्लिक गर्‍यो ।

उहाँले भन्नुभयो, 'मैले बाल्यकालदेखि समाजमा र परिवारमा जुन दुख झेले, जुन विभेदको शिकार भए त्यो अरु मुस्लिम महिला नहोस् अब त्यसका लागि मैले अवाज बन्नुपर्छ भनि मेरो मनमा आयो । त्यतिबेला केन्द्रीय स्तरमा मुस्लिम महिलाको बारेमा आवाज उठाउने कुनै संस्था थिएन ।' श्रीमानले भनेपछि सीमाले पनि केही आफै गर्ने सोच बनाउनु भयो । २०६३ सालमा नेपाल मुस्लिम महिला कल्याण समाज आफ्नो नाममा दर्ता गराउनुभयो ।

उहाँले भन्नुभयो, 'यदि मैले जागिर गरेको भए पनि मुस्लिम महिलाका लागि केही नकेही गर्थे किनभने म मुस्लिम महिलाको पिडालाई नजिकबाट अनुभूती गरेको छु मैले, त्यस्तो कसैलाई नहोस् भनि त्यो क्षेत्रमा काम गर्ने सोच मलाई पहिलादेखि नै थियो ।'

संस्था गठन गरेपछि त्यसबाट विभिन्न कार्यक्रमहरु गर्न थाले । तर पुनः त्यही समस्या दोहोरियो । सासु र ससुरले संस्था चलाउन मान्नु भएको थिएन । सीमालाई संस्था नचलाउन भन्नु भएको थियो । तर सीमा पछाडि हट्ने मुडमा हुनु हुन्थेन । सीमाले गठन गर्नु भएको थियो संस्थाको चौतर्फी प्रसंशा हुन थाले । मुस्लिम महिलाको हितमा बोल्ने एउटा संस्था गठन भएपछि सो समुदायमा पनि सीमाको चर्चा हुन थाले । सीमा आफ्नो संस्थामा व्यस्त हुनुभयो । संस्थाको साथै उहाँले विभिन्न पत्रपत्रिकामा मुस्लिम सम्बन्धी लेख लेख्न थाल्नुभयो । त्यति नै बेला आन्दोलनको माहोल पनि बनेको थियो । २०६३ को जन आन्दोलन र २०६४ को मधेश आन्दोलन र त्यस लगतैको मुस्लिम आन्दोलन सुरु भयो । आफ्नो संस्थामार्फत त्यो आन्दोलनप्रति ऐक्यवद्धता जनाउनुभयो । आन्दोलनमा पनि भाग लिन थाल्नुभयो । मुस्लिम संघर्ष समिति पनि बनेको थियो । त्यसमा पनि उहाँ प्रतिनिधित्व गर्नुहुन्थ्यो। । आन्दोलनको बारेमा उहाँले कान्तिपुरदेखि लिएर विभिन्न दैनिक तथा साप्ताहिक पत्रपत्रिकामा लेखहरु लेख्नु हुन्थ्यो । समाजमा सीमाको चर्चा हुन थाल्यो । उहाँलाई फोन आउन थाले । कार्यक्रममा बोलाउन थाले । अब त सीमालाई घरमा बस्ने फुर्सदै भएन । उहाँले आफ्नो संस्थाका लागि बागबजारमा कार्यालय नै खोल्नुभयो । हेर्दा हेर्दै सीमा समाजको अंग बन्नुभयो । सीमा अब ढिलो ढिलो घर आउन थाल्नुभयो । कहिले काही राती अबेलासम्म आउनु हुन्थ्यो । कतिपय दिन त उहाँका ससुरबुवा घरमा पनि छिर्न दिइ रहनु भएको थिएन । कसो कसो रोइ कराई उहाँ घरमा छिर्नुहुन्थ्यो । ससुराबाले जति बोले पनि जति गाली गरे पनि सीमाले कहिले मुखमुखै लाग्नुभएन । शिर निहुराएर घर छिर्नुहुन्थ्यो । कहिले मुख फर्काएर जवाफ दिनु भएन ।

तर एकपटक यति भएपछि उहाँले ससुराबालाई सिधै जवाफ दिनुभयो । सीमा खानले भन्नुभयो, 'एकपटक नागरकोटमा एउटा गोष्ठी थियो । त्यसमा भाग लिन गएको थिए घर फर्किदासम्म ढिलो भइसकेको थियो । घर फर्केपछि ससुराबाले जथाभावी बोल्न थाल्नुभयो, हुँदै नभएका कुराहरु पनि बोल्नुभयो । मलाई एकदम अनिफिट लाग्यो मैले पहिलो पटक त्यो दिन जवाफ दिएको थिए । मैले भनेको थिए बुवा मैले केही गलत गरेको छैन, तपाईको परिवार र समाजमा इज्जत जाने कुनै गलत काम गरेको छैन तपाई ममाथि यसरी झुठा आरोपहरु नलगाउनुस् ।'

बाँकी पृष्ठ १२ मा

केही गरेर देखाउन दुई ठुला बाघ बनाउँदा दुई ठुला दलका नेता नेताहरूले पालै पालो सिंहासनमा राज गर्न एक सम्झौता गरी  अघि बढेका छन् । कतिपय सिकारुलाई साथ लिएका छन् भने कतिपयलाई सरकार बनाउन बार लगाएर घेरा हाली अघि बढिरहेका छन् । गर्लान कि केही उनीहरूले भनेर जनता सोचिरहेका बेला जम्बो मन्त्रिमण्डल मधेशमा बनाउन लगाइ दिई हाले ।

**ओलीको सिको**

चुनावमा राष्ट्रिय पार्टी बनेदेखि अब मधेशको नेतृत्व आफूले पाउने, गरी देखाउन नेतृत्व चाहिने भन्दै आएको जनमत पार्टीले अन्ततः मधेश प्रदेश सरकारको नेतृत्व पाउने गरी संघीय सरकारमा गठबन्धन हेरफेर भएपछि पायो । तर पाएपछि बोक्रैसित खायो भन्ने उखानको चरितार्थ जनमत पार्टीले गरि देखाएको छ । केही गरी देखाउन भन्दै आएको जनमत पार्टीले बीस जना सदस्यको जम्बो मन्त्रिमण्डल बनाएर देखाएको थियो ।

जम्बो मन्त्रिमण्डल बनाएर पहिले नै रेकर्ड कायम गरी देखाइसकेका शेरबहादुरको ताकतमा संघीय सरकारमा राज गरी बसेका एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि अजब गर्दा जनमत पार्टीले गजब गर्नुपर्ने नै थियो । जनमतका अध्यक्ष डा. सीके राउतले उनलाई अलग मधेशको एजेण्डा छोड्न लगाएर राजनीतिमा ल्याउने ओलीको सिको त गर्नै पर्ने थियो । अनि गरे । ओलीले आफ्नो पार्टीबाट मन्त्री बनेकालाई राज्यमन्त्री बन्न लगाउँदा सिकेले २० जनाको जम्बो मन्त्रिमण्डल बनाउन लगाउनु कुनै नौलो कुरा भएन । र, सबभन्दा नौलो त यो भयो कि त्यसको आलोचना भएपछि हतार हतारमा ती आठ जना राज्यमन्त्रीलाई हटाइ दियो ।

जम्बो मन्त्रिमण्डल बनाउन लगाएका बेला जनमत पार्टीका अध्यक्ष सिके राउतले मधेशी दलका नेताहरू कतिको सत्तालोभी हुन्छन् त्यसको चरम दर्शाउन फोहरी राजनीति खेलेको पत्तो नै पाएन । बनाइ हाले । मधेशमा मात्रै होइन देशभर थुथु भएपछि जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले मधेश प्रदेशको जम्बो मन्त्रिमण्डल बनाउन दुई ठुला दलको हात रहेको पनि अभिव्यक्ति दिइ हाले । तर त्यसले पनि आलोचना नरुकेपछि राज्यमन्त्रीहरुलाई बर्खास्थ गर्न लगाए ।

सामाजिक सञ्जालमा अध्यक्ष सिके राउतले मधेशमा गठबन्धन नेतृत्वको सरकार बनाउन मुख्यमन्त्रीलाई मात्रै दोष दिन नहुने तर्क गरेका थिए । अध्यक्ष राउतले  भनेका छन् 'बुझ्नुपर्छ : यो मधेश सरकार गठबन्धनको हो, जनमतको होइन । गठबन्धन र खासगरी दुई ठुला पार्टीले निर्धारण गरेको हो कि कति मन्त्रालय कसले राख्ने, कति राज्यमन्त्री राख्ने, कुनकुन मन्त्रालय कसले राख्ने । यसमा हाम्रो केही चल्दैन किनकी जनमत पार्टीको सीट संख्या मधेश प्रदेशमा पनि निर्णायक होइन, अहिलेकै गठबन्धनमा पनि हामीबिना नै मधेश सरकार बन्छ । त्यसैले हामीले चाहेर मात्र हुँदैन ।'

तर राज्यमन्त्रीहरुलाई हटाए पछि सिके राउतले आफ्नो फेसबुकमा लेख्नुभयो, 'जनमत छ भने सम्भव छ ।' यहाँसम्म त ठिकै थियो । अध्यक्षले ठिकै भने होलान् । तर उनकै पार्टीले मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहलाई जम्बो मन्त्रिमण्डल बनाएकोमा स्पष्टीकरण सोध्नु कतिको सही हो ? त्यसले आउने दिनमा कस्तो प्रतिकृया देला ?

मुख्यमन्त्रीले नेपाली कांग्रेसबाट दुई तथा जनमत, एमाले र लोसपाबाट एक-एक राज्यमन्त्री नियुक्त गरेका थिए । कांग्रेसबाट रेखा ठाकुर भूमिव्यवस्था कृषितथा सहकारी राज्यमन्त्री र निलमकुमारी रजक उर्जा सिँचाइ सरसफाइ तथा खानेपानी राज्यमन्त्री नियुक्त भएका छन् । एमालेबाट मोहम्मद जयद आलम भौतिकपूर्वाधार विकास, लोसपाबाट रामबाबु यादव शिक्षा तथा संस्कृति र जनमतबाट शम्भु साह उद्योग पर्यटन राज्यमन्त्री बने । अहिले ती सबैलाई बर्खास्थ गरिसकेका छन् ।

**मुख्यमन्त्रीलाई पासो**

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी विशेष गरी उपेन्द्र यादवको आलोचना गरी जेनतेन राष्ट्रिय राजनीतिमा टेक्ने ठाउँसम्म पाएको सफलताबाट यति छिट्टो सुदुर आकाशमा बेगवान भएर उडान भर्न खोज्दा भूइँ लड्नु स्वाभाविकै हो । मधेश प्रदेश सरकारको काम-कारबाही, गतिविधि हेर्न जनमत पार्टीले डा. जयकान्त राउतलाई खटाएको छ । उनी अध्यक्ष सिके राउतका दाइ हुन् । पार्टी नेतृत्वले उनैले भनेका प्रायःव्यक्तिहरूलाई सचिवालयमा नियुक्त गरिएको पाइन्छ । मुख्यमन्त्रीका प्रमुख स्वकीय सचिव नातामा खर्गा जयकान्तका साढु पर्ने दिलीप खर्गा छन् । मुख्यमन्त्रीकै अर्का स्वकीय सचिव पारस माझी पनि राउतकै आफन्त मानिन्छन् ।

यसरी हेर्दा जम्बो मन्त्रिमण्डल बनाउँदा अध्यक्ष सिके राउतको पूरा साथ सहयोग रहेको अवस्थामा स्पष्टीकरण सोधिनु र त्यसपछि राज्यमन्त्रीहरुलाई बर्खास्थ गर्न लगाउनु भनेको राजनीतिक प्रहसन गरिरहेका बेला लँगौटी खुस्केको चाल नपाएको अवस्था सिर्जना भएको परिदृश्य देखापर्नु हो । जम्बो मन्त्रिमण्डल बनाएको प्रहसनबाट हाँस्य उत्पन्न हुने कुरो त छँदै छैन् न त आलोचना खेप्नुपर्ने  कुरो नै छ । शेरबहादुर दउवाले नेतृत्व गरेको गठबन्धनमा जम्बो  मन्त्रिमण्डलको कसले आलोचना गर्ने र कसले हाँसो गर्ने हो । सब ठिकठाक । सबचुपचाप । कुरो त उपेन्द्र यादवलाई यादवहरूलाई मात्र च्यापेको, अवसरवादी भएको, राजनीति गर्न नजानेको आदि इत्यादि आरोप लगाएर टेक्ने ठाउँ पाएर पहिलो पंक्तिमा बस्ने ल्याकत बनाएकाहरूको लँगौटी खुस्केकोले प्रस्फुटन भएको प्रहसनले पो अप्रत्याशित हास्य उत्पन्न गराएको छ ।

अध्यक्ष राउतले सामाजिक सञ्जालमा जम्बो मन्त्रिमण्डल बनाउने मुख्यमन्त्रीको बचाउमा लेखेको स्पष्टीकरण र त्यसपछि राज्यमन्त्री हटाउनुले निर्वस्त्र बनाइदिएको छ । संसदीय राजनीतिमा सरकारमा नजाने राजनीति गरिरहेको दल नभएको होइन् । आदर्शको राजनीति गरिरहेको दल नभएको होइन् । जतिक्षेत्रमाआफ्नो सघन पकड हो त्यस क्षेत्रमा राजनीति गरी संसदीय बहुदलीय व्यवस्था आए यता निरन्तर संसदमा प्रतिनिधित्व गर्दै आएको नारायणमान विजुक्छे नेतृत्वको नेपाल मजदुर किसान पार्टी (नेमकिपा) राजनीति गर्दै आएको छ । सरकारमा नजाने भन्दै आएको नेमकिपाले संसदमा तीन दशक बिताए पनि, पटक पटक सरकारमा जाने गरी गठबन्धन बनेको भए पनि कहिल्यै सरकारमा नगएको दृष्टान्त प्रस्तुत गर्दै आएको छ । जनताका लागि जे भइ आएको छ त्यो गर्दै आएको छ । तर भने बमोजिम सरकारमा जान्न भनेदेखि सरकारमा नगएको हो ।


# 'प्रदेशको मन्त्रालय संख्या घटाउ, अधिकार सम्पन्न बनाउ'

जनता समाजवादी पार्टी नेपाल मधेश आन्दोलनलगायत अन्य अन्दोलनको क्रममा आन्दोलनकारीहरू माथि लगाईएका विभिन्न मुद्दाहरू खारेजी तथा बन्दीको रिहाको माग गरेको छ । साउन ३० गते जसपा नेपालको सम्पन्न केन्द्रीय समितिको बैठकले जसपा नेपालले मधेश आन्दोलनका क्रममा समातेर बन्दी बनाइएकाहरूको रिहाइका साथै रोक्का गरिएका जग्गा, धन-सम्पत्तिलाई फुकुवा गर्न पनि माग गरेको छ ।

जसपा नेपालले साउन ३२ गते सार्वजनिक गरेको निर्णयमा भनिएको छ, 'आफ्नो पहिचानको आन्दोलनमा लागेका आदिवासी जनजाति, लिम्बुवान किराँत आन्दोलनकारी माथि लगाइएका मुद्दाहरु सरकारले फिर्ता लिई समस्याको न्यायोचित समाधान गरिनुपर्दछ ।' शहीद परिवारहरुको भरण-पोषण, शिक्षा स्वास्थ्य उपचार आदिको व्यवस्था गर्न माग गर्दै जसपा नेपालले विगतमा प्रहरीद्वारा आन्दोलनरत व्यक्तिहरुको गैरन्यायिक हत्या गरिएको थियो यसरी हत्या भएका आन्दोलनकारीलाई शहीद घोषणा गर्न माग गरेको छ ।

जसपा नेपालले प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ बमोजिम प्रदेश सरकारहरूलाई प्रहरी हस्तान्तरण गरिनुपर्ने माग गर्दै संघीय निजामती ऐन संसदबाट पारित गरी कर्मचारी समायोजन सम्बन्धी बाँकी कार्यहरू सम्पन्न गर्न माग गरेको छ । प्रदेश सरकारको मन्त्रालय संख्या घटाउन माग गर्दै उनले आवश्यक ऐन निर्माण गरी संविधानको अनुसूची ६ र ७ को अधिकार सूचीअनुसारका प्रदेशहरूलाई अधिकार, श्रोत र साधन प्रदान गर्न पनि माग गरेको छ ।

संघीय सरकारमा मन्त्रालयको संख्या घटाउने र प्रदेश मामिला सम्बन्धी विषयहरू प्रदेश सरकारलाई नै हस्तान्तरण गरी अनावश्यक फिजूल खर्च कटौती गर्न जसपाले माग गरेको छ । संविधान बमोजिम प्रदेशलाई हस्तान्तरण गर्न बाँकी रहेका विभिन्न मन्त्रालय मातहतका निकाय र कार्यालयहरु प्रदेशलाई तुरून्त हस्तान्तरण गर्न माग गरेको छ । संविधानको धारा ५६ (५) मा व्यवस्था भए बमोजिम विशेष, संरक्षित तथा स्वायत्त क्षेत्र कायम गरी त्यसको क्षेत्राधिकार निर्धारण गर्न माग गर्दै जसपा नेपालले जिल्ला समन्वय समिति खारेज गर्न माग गरेको छ ।







मनोरञ्जन/विविध

# आर्थिक अभावका कारण गायक गुरुदेवको निधन



'कुन पापीले लुटिदियो, मधु वन पनि नयाँ नयाँ, मधुमास पनि नयाँ नयाँ.....जस्ता ४०० भन्दा बढी कालजयी गीत, गजल र भजनलगायतका चर्चित गीत गाउनु भएका शास्त्रीय गायक गुरुदेव कामतको ६९ वर्षको उमेरमा निधन भएको छ। मृगौला पिडित गुरुदेव कामतको निधन साउन १७ गते उहाँको आफ्नै निवास सिरहास्थित लक्ष्मीपुर पतारी पोखरभिण्डामा भयो। मृगौला रोगबाट पिडित गुरुदेव कामत लामो समयदेखि उपचाररत हुनुहुन्थ्यो। गुरुकुल पाठशाला चलाएर काठमाडौँमा बस्नु भएका गुरुदेव कामत आर्थिक अवस्थाका कारण ठिक ढंगले उपचार गराउन सकिरहनु भएको थिएन।

आर्थिक अवस्थाका कारण उपचारमा समस्या हुन थालेपछि उहाँ काठमाडौँ छाडेर गाउँ आफ्नो घरमा बस्न थाल्नुभयो। उहाँको उपचार समान्य ढंगले लहानमा चल्न थाल्यो। तर आर्थिक समस्या त्यहाँ पनि थियो। सहयोगका लागि संघीय सरकारदेखि प्रदेश सरकार र स्थानीय तहसम्म पनि याचना गर्नुभयो। तर कहिबाट कुनै सहयोग भएन। व्यक्तिगत रुपमा पाँच-१० हजार सहयोग गर्नु बेग्लै कुरा हो तर राज्यको तर्फबाट कुनै सहयोग नभएको उहाँका परिवारका सदस्यको गुनासो छ।

उहाँले गुरुकुल पाठशाला सञ्चालन गरेर ४० वर्षमा झण्डै २५ हजार विद्यार्थीलाई संगीत सिकाउनुभयो। उहाँले नै पढाएका विद्यार्थीहरु देशमा नाम कमाएका छन्। राम्रै स्थानमा पुगेका छन्। ती विद्यार्थीहरुले पनि परेको बेला उहाँलाई सम्झेन। विद्यार्थीले नसम्झिन सक्छ तर राज्यको दायित्व हो कि यस्ता विभुतीहरु समस्या पर्दा सहयोग गर्नुपर्छ। राज्यको तर्फबाट कुनै वास्ता भएन। यहाँसम्म कि मधेश प्रदेशका मधेश प्रज्ञा प्रतिष्ठानले काम गराएवापतको रकम पनि दिएको छैन।

त्यसको खुब आलोचना भयो। प्रतिष्ठानका अध्यक्ष रामभरोसी कापडीको पनि आलोचना भयो। धेरैले उहाँको राजिनामा समेत माग्नुभयो। तर अध्यक्ष कापडीले विज्ञप्ति जारी गरेर गुरुदेवसँग रकम दिने विषयमा कुनै पनि सम्झौता नभएको दावी गर्नुभयो।

तराई मधेशका कालाकारहरुले जनकपुरमा श्रद्धाञ्जली कार्यक्रमको आयोजना गर्नुभएको थियो। सो कार्यक्रममा बढीभन्दा बढी गीत संगितकै चर्चा भयो। कलाकारहरु गीत गाएर गुरुदेवप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो। त्यो कार्यक्रममा पनि सरकारको आलोचना भयो। मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष कापडीको आलोचना भयो।

गुरुदेव कामत ६ वर्षकै उमेरदेखि नै संगितको क्षेत्रमा लाग्नुभएको थियो। भारतबाट संगितमा स्नाकोत्तर गर्नुभएका गुरुदेव २०४६ मा नेपाल फर्किनु भएको थियो। २०४९ मा रेडियो नेपालमा आयोजित गीत संगित प्रतियोगितामा उहाँ प्रथम हुनुभएको थियो। २०५० सालमा उहाँको पहिलो गीत बजारमा आएको थियो। नेपाली, मैथिली, भोजपुरी, हिन्दीलगायतका भाषामा आफ्नो स्वर दिनुभएका उहाँले दर्जनभन्दा बढी संगीत कम्पोज गर्नुभएको छ। प्रबल जनसेवाश्री लगायत मैथिली गीत संगितमा विशेष योगदान दिएको भन्दै मिथिला रत्नदेखि मधेश रत्न उपाधिबाट समेत सम्मानित हुनुभएको थियो। काठमाडौमा भाडाको घरमा बसेर उहाँले आफ्नो परिवार समेत चलाई रहनु भएका गुरुदेव यस क्षेत्रमा उहाँले जति नाम कमाउनु भयो त्यति दाम कमाउन सक्नुभएन। उहाँ जहिले पनि आर्थिक समस्यासँग जुधिरहनु भयो। सधै अभावको जीवन जिउनु भयो। तैपनि कसैसँग कुनै गुनासो गर्नुभएन। सधै स्वभिमानको जीवन जिउनुभयो।

उहाँले गाउनु भएको 'उठु और मैथिल भेलै भोर, धर्ती मैया हुर्कैर रहल छौ' हमर सिन्दुरक धुल उडाक', 'वित वित पर लक्ष्मण रेखा', कहा गेलै सुरमा सल्हेश' जस्ता मैथिली भाषाका गीत निकै चर्चित छन्।

# के कंगनाले छाड्दैछिन् फिल्मी दुनियाँ ?



कंगना रनौत राजनीतिमा प्रवेश गरेपछि बलिउडमा उनको भविष्यबारे अनेकौं अड्कलबाजी चलिरहेको छ। अभिनेत्रीबाट राजनीतिज्ञ बनेकी कङ्गनाले यी अफवाहहरूलाई सम्बोधन गर्दै शोबिजमा आफ्नो आगामी पाइला तय गर्ने कुरालाई दर्शकहरूको जिम्मामा छोडेकी छिन्। मण्डी संसदीय क्षेत्रबाट बीजेपी उम्मेदवारको रूपमा यस वर्षको लोकसभा चुनाव जितेकी कंगना छिटै आगामी फिल्म इमर्जेन्सीमा देखिँदै छिन्।राजनीतिमा अगाडि बढेसँगै अभिनेत्री अभिनयबाट टाढिने हो कि भन्ने चिन्ता उनको फ्यानहरूलाई छ। यस्तोमा इमर्जेन्सीको ट्रेलर लन्च कार्यक्रममा कङ्गनाले यी चिन्ताहरूलाई सम्बोधन गरेकी छिन्।

'अभिनयलाई जारी राख्ने कि नराख्ने भन्ने निर्णय जनताले गरुन् भन्ने चाहन्छु।' उनले आफूलाई कहिल्यै नेता घोषणा नगरेको अनि चुनावमा समर्थन गर्नु जनताको रोजाई भएको पनि उनले बताइन्। यसरी नै इमर्जेन्सी सफल भयो र दर्शकहरूले आफूबाट अरू धेरै चाहे र सफलता मिल्यो भने अभिनयलाई निरन्तरता दिने पनि उनले बताइन्। सफलता मिलेन र राजनीतिले थप अवसरहरू दियो भने आफूले सोही अनुसार गर्ने पनि उनले बताइन्। 'म त्यहीँ जान्छु जहाँ मेरो आवश्यकता हुने र मलाई महत्त्व दिइनेछ।' अभिनेत्रीले भनेकी छिन्।

'इमर्जेन्सी'मा कङ्गना दिवङ्गत भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीको भूमिकामा देखिँदै छिन्। कङ्गनाको चुनावी अभियानका कारण फिल्मको रिलिज मिति सारिएको थियो। अब भने फिल्म यही सेप्टेम्बर ६ मा रिलिज हुने भएको छ। कङ्गनाले निर्देशन गरेको यस फिल्ममा अनुपम खेर, महिमा चौधरी, मिलिन्द सोमन, श्रेयस तलपदे, विशाक नायर र स्वर्गीय सतीश कौशिकलगायत कलाकारको अभिनय रहेको छ।

**आँप/ केरा पकाउन कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग नगर्ने सम्वन्धी सूचना**

*सूचना प्रकाशित मिति : २०८१/०२/३२*

खाद्य नियमावली, २०२७ को नियम १९ (घ) बमोजिम कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग गरि कृत्रिम रुपमा फलफूल पकाउन तथा बिक्री वितरण गर्न निषेध गरिएको व्यहोरा सम्पूर्ण फलफूल आयातकर्ता, भण्डार तथा बिक्री वितरणमा सम्लग्न व्यवसायीलाई जानकारीका लागि सूचित गरिन्छ।

आँप/ केरा लगायतका फलफूल खरिद गर्दा कार्टुन वा क्रेटमा माथि उल्लेखित केमिकल राखिएको देखिएमा त्यस्ता फलफूल खरिद नगर्न र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा मातहतका कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध छ। साथै फलफूल उपभोग गर्दा सफा पानीले राम्ररी पखालेर मात्र उपभोग गर्नुहुन अनुरोध छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
बबरमहल, काठमाडौं।
www.dftqc.gov.np, Email: info@dftqc.gov.np
०१-५३६२४३०, ०१-५३६२३६९

**वडा कार्यालयको अपिल**

**तपाईको स्वास्थ्य हाम्रो अठोट**

**समयमा स्वास्थ्य बीमा गरौं, स्वास्थ्यप्रति सचेत बनौं**

नेपालको संविधानमा राज्यको निर्देशक नीति अन्तर्गत धारा ५१ (ज) १५ मा 'नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने' भन्ने व्यवस्था भए बमोजिम उक्त व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारद्वारा स्वास्थ्य बीमा ऐन, २०७४ एवं नियमावली, २०७५ जारी गरी स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ। स्वास्थ्य बीमा कार्यक्रम आर्थिक वर्ष २०७२/०७३ मा कैलाली, बागलुङ र इलाम जिल्लाबाट शुरु भई चरणबद्ध रुपमा देशभरि सञ्चालन भइरहेको छ। यो कार्यक्रम स्वास्थ्य उपचारमा हुने खर्चको भारलाई व्यवस्थापन गर्ने विधि हो। आम नागरिकको उपचारमा सह पहुँच पुगोस् भन्ने यस कार्यक्रमको उद्देश्य रहेको छ। यो कार्यक्रम परिवारमा आधारित कार्यक्रम हो। यसमा परिवारका सबै व्यक्ति सदस्य बन्नुपर्छ। पाँच जनासम्मको एउटा परिवारले वार्षिक ३,५००।- तिरेर सदस्य बनेपछि स्वास्थ्य उपचार आवश्यक पर्दा एक वर्ष भित्रमा १,००,०००।- सम्मको सेवाका लागि आवश्यक रकम तिर्नु पर्दैन। नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै औरही गाउंपालिका वडा नम्बर ५ ले स्वास्थ्य बीमा रकममा ५० प्रतिशत सहयोग गरेको छ। वडा कार्यालयले १७५० रुपियाँमा मात्र बिमा गराई रहेको छ। त्यसैले आफ्नो र आफ्नो परिवारको स्वास्थ्य उपचारमा ढुक्क हुनका लागि बीमा कार्यक्रममा सहभागी बन्नुहोस्। वडा कार्यालयमा आएर सबैले स्वास्थ्य बीमा गरौं। आफ्नो र आफ्नो परिवारको स्वास्थ्यलाई ख्याल राखौं।

***थप जानकारीका लागि स्वास्थ्य बीमा बोर्डको वेभसाइट www.hib.gov.np मा लग इन गर्नुहोस्। अथवा, औरही गाउँपालिका वडा नम्बर ५ को कार्यालयमा वा ९८१४७३०३६५ मा सम्पर्क गर्नुहोस्।***

**मधेश प्रदेश**

**औरही गाउँपालिका, सिरहा**

**औरही वडा नम्बर ५ को कार्यालय**

प्रोफाइल



# जमिन्दारको छोरा सर्वेन्द्रनाथले यसरी जित्नुभयो जनताको मन

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सहअध्यक्ष सर्वेन्द्रनाथ शुक्ल एक जमिन्दार परिवारका छोरा हुनुहुन्छ । उहाँका हजुरबुवा हजारौ विघाका मालिक हुनुहुन्थ्यो । रुपन्देही (मर्चबार क्षेत्र) समरीमाइ गाउँपालिका-४ का सर्वेन्द्रनाथ शुक्ल भन्नुहुन्छ, 'मेरो हजुर बुवा र बुवाको कति जमिन थियो मलाई थाह छैन तर यति थाह छ कि १०-१२ वटा गाउँमा हाम्रो जग्गा जमिन थियो सायद हजार विघाभन्दा बढी होला कि ?'

तर उहाँ जमिन्दारको छोरा भए पनि त्यो रवाफ उहाँको मनमा कहिले आएन । उहाँ पढाइ लेखाइ सकाउने बित्तिकै आफ्नो कमाइ धमाइमा आफै लाग्नुभयो । भारतबाट बीइ गर्नुएका शुक्ल पढाइ सकाएर आउने बित्तिकै लोकसेवा दिएर जागिरमा जानु भएको थियो । उहाँ चाहेको भए घरमै बसेर पुस्तैनी सम्पत्तीमा मौजमस्ती गर्न सक्नु हुन्थ्यो तर उहाँले त्यो चाहनु भएन । उहाँले आफ्नो परिचय खुद बनाउनुभयो । उहाँलाई जमिन्दारको छोरा भनि छाप नलागेको होइन । विपक्षीहरुले जमिन्दार शोसक परिवारका छोरा भनेर चुनावमा उहाँको विरुद्ध कुनै प्रचार गर्थे तर त्यसले उहाँलाई कहिले नाफा हुन्थ्यो भने कहिले घाटा हुन्थ्यो ।

जमिन्दार भएकै कारण माओवादी जनयुद्धमा मात्र होइन २००७ सालमा राणा विरुद्ध भएको आन्दोलनमा पनि सर्वेन्द्रनाथ शुक्लको घर भत्काइएको थियो । धनमाल लुटिएको थियो । माओवादी द्वन्दको सयममा २०६१ सालतिर तत्कालिन फरेना गाउँको मुलघरमा ब्लास्ट गरेर ध्वस्त पारेको थियो । त्यही वर्षको बुद्ध पूर्णिमाको दिन भैरहवामा रहेको उहाँको अर्को घर पनि ध्वस्त पारेको थियो । पछि लुम्बिनीमा रहेको घरमा पनि माओवादीले ब्लस्ट गराइएको थियो । यसरी पटक पटक शुक्लकै घर ध्वस्त बनाउनुको तीनटा कारण थियो । माओवादीले मोटा रकम चन्दा माग गरेको थियो । जुन दिने सम्भव नै थिएन ।

अर्को कुरा, जमिन्दार भनि प्रचार थियो । तेस्रो कुरा सर्वेन्द्रनाथ राजावादी पार्टी राप्रपाबाट राजनीति गरिरहनु भएको थियो । माओवादीले त्यतिबेला पुँजीपती भएका जमिन्दारहरुलाई खोजी खोजी करवाही गर्थे । कसैले चन्दामा मोटो रकम दिन तयार हुन्थे वा राजनीति संरक्षण गर्थे भने माओवादीले केही गर्दैन्थे । जो चन्दा दिन र राजनीति संरक्षण गर्न इन्कार गर्थे उसलाई खोजी खोजी करवाही गर्थे । उहाँ भन्नुहुन्छ, 'माओवादीहरु तीन वर्षसम्म मेरो धनमाल लुटेर लग्ने काम गरे । भण्डारमा रहेका धान, गहुँ जे जे हुन्थे सबै लुटेर लग्थे ।'

## २००७ सालमा पनि टार्गेट

सर्वेन्द्रनाथ शुक्ला भन्नुहुन्छ, 'यदि म राप्रपामा लागेको कारण मेरो घर ध्वस्त बनायो भने त्यतिबेलाका दिग्गज दिग्गज राप्रपाका नेताहरुको रौ पनि बाँका भएको थिएन,  म भन्दा ठूला ठूला जमिन्दार हरुको माओवादीले केही बिगारेको थिएन ।'  राप्रपामा सर्वेन्द्रनाथको राम्रै पोजिसन थियो, मान सम्मान पनि राम्रो थियो । सो पार्टीबाट पटक पटक मन्त्री पनि बन्नुभएको थियो । त्यो पार्टी छाड्ने उहाँसँग कुनै त्यस्तो ठूलो बाध्यता थिएन ।

सर्वेन्द्रनाथ भन्नुहुन्छ, 'मेरो घर माओवादीले मात्र होइन २००७ सालको क्रान्तिमा पनि पाँच तल्ले घर तत्कालिन आन्दोलनकारीले ध्वस्त बनाएको थियो ।' घर भत्काउँदा पर्खालमा लुकाएर राखिएको १५ गाग्रो चाँदी र दुई गाग्रो सुन पनि आन्दोलनकारीले लुटेर लगेको थियो । त्यो आन्दोलनको नेतृत्व त्यतिबेला केआइ सिंहले गर्नुभएको थियो । भनिन्छ, 'लुटिएका सारा सुन चाँदीलगायत अन्य गरगहना उनीहरुले नै पचाई दिए ।' हात्ती घोडा पनि लुटेर लगेको थियो तर पछि ती आफै फर्केर आयो तर सारा सम्पत्ति लुटेर लगेको थियो । त्यतिबेला जसलाई जे हात लाग्थ्यो त्यही लुटेर लगेका थिए ।

सर्वेन्द्रनाथ शुक्ल भन्नुहुन्छ, 'अहिले पनि गाउँघरका बुढापाखाहरु त्यतिबेला लुटिएका समानहरुको बारेमा कथा जस्तो भन्नुहुन्छ आचार, घिउ, मिठाइ जस्ता खाने कुरा पनि लुटेर लगेका कुराहरु अहिले पनि गाउँघरमा सुन्न पाइन्छ । बुढापाखाहरु मलाई पनि भन्छन् ।' त्यतिबेला आफूहरुको परिवार राणाको साथमा भएको कारणले काँग्रेसीहरुले घरमा आक्रमण गराएको र लुटपाट गराएको बताउँदै उहाँले त्यतिबेला राणाको साथमा आफ्नो परिवार नरहेको भए उतिखेरै सखाप भइसकेको हुन्थ्यो ।'

## माओवादीबाट बच्न मधेशतिर

माओवादी द्वन्द्वमा पनि पटक पटक आक्रमण भएको थियो । माओवादीबाट बच्नका लागि, आफ्नो सुरक्षाका लागि उहाँले राप्रपा छाडेर मधेशी राजनीतिमा लाग्नुभयो । जतिबेला माओवादीले हैरान पारेको थियो त्यतिबेला धेरै जनाले सर्वेन्द्रनाथलाई सल्लाह दिनुभएको थियो कि माओवादीबाट बच्नका लागि तपाईले राजनीतिक दल परिवर्तन गर्नुहोस् । एक त जमिन्दार हुनुहुन्छ अर्कोतिर राजवादी पार्टीमा हुनुहुन्छ ।' यो कुरा सर्वेन्द्रनाथलाई पनि चित्त बुझेको थियो ।

त्यतिबेला मधेशमा पहिलो चरणको आन्दोलन सुरु भइसकेको थियो । उहाँ राप्रपामा भए पनि मधेश आन्दोलनलाई सघाइ रहनु भएको थियो । राप्रपाका तत्कालिन अध्यक्ष सूर्यबहादुर थापा पनि मधेश आन्दोलनप्रति सकारात्मक हुनुहुन्थ्यो । सिमान्तकृतहरुले देशमा आफ्नो अधिकार पाउनुपर्छ भनि चाहना सूर्यबहादुर थापाको थियो । तर अन्य नेताहरु त्यति सकारात्मक नरहेको सर्वेन्द्रनाथ बताउनु हुन्छ । उहाँले मधेशमा कुनै इमान्दार नेता नेतृत्व लिएर आए भने आफू पनि त्यसलाई साथ दिने मन बनाई सक्नु भएको थियो र उहाँले त्यतिबेला ह्रदयश त्रिपाठीसँग भेटेर पनि यही कुरा भन्नुभएको थियो ।

त्यतिबेला विजयकुमार गच्छदारको नेतृत्वमा पनि पार्टी बनाउने कि पनि कुरा चलेको थियो । तर त्यो कुरा सर्वेन्द्रनाथलाई मन परेको थिएन । यदि महन्थ ठाकुर नेतृत्व लिए भने त्यसमा आफू पनि सहभागी हुने मन बनाइ सक्नु भएको थियो । यो कुरा ह्रदयश त्रिपाठीले महन्थ ठाकुरसँग राख्नु भएको थियो । महन्थ ठाकुरले सर्वेन्द्रनाथमाथि विश्वास नै गर्नुभएको थिएन । सुर्यबहादुर थापासँग सर्वेन्द्रनाथको त्यति राम्रो छ । पार्टीमा पनि उहाँको राम्रै स्थान छ । अनि पार्टी छाडेर किन आउनु हुन्छ र भनि जिज्ञासा महन्थ ठाकुरको थियो । यो कुरा थाह पाएर सर्वेन्द्रनाथ शुक्लले आफै महन्थ ठाकुरसँग भेटेर भन्नुभयो, 'मधेशमा तपाईसँग काम गर्न तयार छु, तपाई जबसम्म मधेशको राजनीतिमा रहनु हुन्छ तबसम्म म तपाईको साथमा रहन्छु तपाईको साथ म कहिले छाडदिन ।' त्यसपछि तमलोपा गठनको तयारी सुरु भएको थियो । तमलोपा गठनका लागि बालुवाटारस्थित शुक्लकै घरमा कतियौ पटक बैठक बसेको थियो । २०६४ पुसमा तमलोपा गठन भयो । सो पार्टीमा उनी प्रवक्ताको भूमिका पाउनु भएको थियो । तमलोपा गठन गरेर सर्वेन्द्रनाथ पार्टीमा सक्रिय भएपछि माओवादीहरु उहाँको गाउँ नै जान छाड्यो । त्यसपछि माओवादीले उहाँलाई कुनै उपद्रोह गरेन ।

## काग्रेसबाट राजनीति यात्रा

सर्वेन्द्रनाथ राजवादीहरुको पार्टी राप्रपाबाट लामो समय राजनीति गरेपनि उहाँको राजनीतिक यात्रा काँग्रेसबाट सुरु भएको थियो । तर मौकामा काँग्रेसले विश्वासघाट गरेपछि बाध्य भएर त्यो पार्टी छाड्नु भएको थियो । टीसीएस कोलोम्बो प्लानबाट छात्रवृति प्राप्त गरेका सर्वेन्द्रनाथ भारतबाट इन्जिनियरिङ पढेर नेपाल फर्केपछि लोकसेवाको परीक्षा दिनुभएको थियो । उहाँ लोकसेवा पास पनि गर्नुभयो ।

२०२७ सालमा सुनकोशी हाइड्रो प्रोजेक्ट (लामो साँघु)मा उहाँको पोस्टिङ भयो । त्यहाँ एक वर्षसम्म काम गर्नुभयो । त्यहाँ उहाँको स्वास्थयमा खराबी आएपछि डाक्टरकै सल्लाहमा उहाँ २०२८ मा लुम्बिनी धौलागिरी आयोजना भैरहवामा सरुवा गराउनुभयो । घरपायक जागिर थियो । उहाँलाई त्यहाँ खासै समस्या भएन । त्यहाँ उहाँले दुई वर्षसम्म काम गर्नुभयो । त्यसपछि उहाँले उद्योग मन्त्रालयमार्फत महेन्द्र सुगर एण्ड इण्डिस्ट्रिजमा प्रमुख भएर काजमा जानुभयो । त्यो मिल उहाँको आफन्त कसैको थियो । त्यहाँ काम गर्न उहाँलाई झन सजिलो थियो । तर चिनी मिल भएको कारण त्यहाँ स्थानीय किसान तथा व्यक्तिहरुको आउजाउ थियो । त्यहाँ काम गर्ने श्रमिक पनि अधिकाँश स्थानीय नै थिए । त्यहाँ जनसम्पर्क बढ्न थालेपछि राजनीति कुरा पनि हुन थालेको थियो । सर्वेन्द्रनाथको सोच देखेर धेरैले उहाँलाई राजनीतिमा आउन आग्रह सुरु गरिसकेका थिए । सर्वेन्द्रनाथसँग कुरा गर्न त्यतिकै पनि मान्छेहरु मिलमा जान्थे । त्यहाँका वुद्धिजिवी तथा समाजका अगुवाहरुले उहाँलाई राजनीतिमा आउन सल्लाह दिनुभएको थियो ।

तर सर्वेन्द्रनाथलाई राजनीति गर्ने मन थिएन । उहाँले भन्ने गर्नुहुन्थ्यो, 'पंचायती व्यवस्थामा राजनीति नगर्ने, जब जनताले आफ्नो प्रतिनिधि भोट हालेर आफै चयन गर्छन् त्यति बेला मात्र पोल्टिक्समा आउँछु ।' यद्यपी भित्रभित्रै राजनीतिमा उहाँको चासो बढ्न थालेको थियो । जनताको सम्पर्कमा गइरहनु भएको थियो । जनताको काम गर्न थाल्नुभएको थियो । त्यही क्रममा २०४५ तिर उहाँको बुवाको निधन भयो । त्यसपछि बाध्य भएर उहाँले जागिरबाट राजिनामा दिनुभयो । राजिनामा दिएर उहाँ घर बस्नुभयो । घर बसेपछि झन उहाँमाथि राजनीति गर्ने दबाव बढ्न थाल्यो । त्यही बेला पंचायत विरोधी आन्दोलन पनि सुरु भएको थियो ।

चिनी उद्योगमा काम गरिरहेकै बेला उहाँ काँग्रेस निकट भइसक्नु भएको थियो । पंचायत विरुद्धको आन्दोलनमा उहाँ होमिनुभयो । आन्दोलन सफल भयो । २०४८ मा काँग्रेसबाट टिकट लिएर चुनाव लड्ने सोच बनाउनु भएको थियो । पार्टीले टिकट दिने प्रतिवद्धता पनि जनाएको थियो । तर चुनावको समयमा जब टिकट दिने समय आयो अनि पार्टीले यज्ञजित सिंहलाई दियो । यज्ञजित सिंह केआइ सिंहका छोरा हुनुहुन्छ । सर्वेन्द्रनाथ शुक्लले टिकट नपाएकोमा दुख त लागेको थियो तर चुनावमा पार्टीमा सक्रिय भएर लाग्ने भनि आफ्नो क्षेत्र अर्थात यज्ञजित लड्ने क्षेत्र छाडेर अर्को क्षेत्रमा गएर पार्टीको प्रचार प्रसारमा लाग्नुभएको थियो । यज्ञजितसँग सर्वेन्द्रनाथको राम्रो सम्बन्ध थिएन झन उहाँले टिकट पाएपछि सम्बन्ध राम्रो हुने कुरा नै भएन । एउटा क्षेत्रमा रहे पनि केही गर्न सकिदैन । झन असहयोग गर्‍यो भनेर आरोप लाग्न सक्थ्यो त्यही भएर आफू अर्को क्षेत्रमा गएको उहाँले बताउनुभयो ।

तर यज्ञजित यतातिर उल्टै सर्वेन्द्रनाथको विरोध गर्न थाल्नुभयो । परिवारलाई गाली गलौज गर्न थाल्नुभयो, सर्वेन्द्रनाथ भन्नुभयो, 'मलाई मेरो परिवारका सदस्य तथा क्षेत्रका अन्य नेता तथा कार्यकर्ताले समेत यज्ञजितको बारेमा कुरा सुनाउनु भएको थियो । मलाई त्यसमा जित्त दुखेको थियो ।' सर्वेन्द्रनाथले पार्टीमा पनि कम्पलेन गर्नुभयो ।  तर कुनै सुनुवाई भएन । पार्टीका शीर्ष नेताहरु यज्ञजितकै पक्षमा रहेको जस्तो आफूलाई फिल भएको उहाँले बताउनुभयो । त्यसपछि उहाँ पार्टीमा निस्कृय हुनुभयो ।

## राप्रपामा प्रवेश

त्यही बेला केही काम विशेषले काठमाडौ आफन्तकोमा आएको बेला कसैले सूर्यबहादुर थापाले भेट्न चाहेको भनि खबर गरेका थिए । त्यसपछि उहाँ एकजनाको साथमा सूर्यबहादुर थापालाई भेट्न जानुभएको थियो । सूर्यबहादुर थापाले उहाँलाई रुपन्देहीमा चुनाव लड्न आग्रह गर्नुभएको थियो । तर सर्वेन्द्रनाथले आफू चुनाव लड्ने पक्षमा अहिले नरहेको प्रतिकृया दिनुभएको थियो । उहाँले भन्नुभएको थियो, 'मैले एउटा पार्टीको टार्गेट गरेर चुनावको तयारी गरेको थिए तर एउटा अर्को व्यक्तिले टिकट पाउनुभयो अब यसपटक चुनाव लड्दिन ।' तर सूर्यबहादुर थापाले जवर्जस्ती चुनाव लड्न आग्रह गर्नुभयो । चुनाव जित्नुहुन्छ तपाई लड्नुस् भन्नुभएको थियो । तर पछि राजनीतिको सुरुवातमै काँग्रेसले धोका दिएको भन्दै त्योसँग सुरुमै भिड्नुपर्छ भनि सम्झेर उहाँ राप्रपाबाट टिकट लिएर चुनाव लड्न तयार हुनुभयो ।

उहाँ चुनाव लड्नुभयो तर जित्नुभएन । यज्ञजित सिंह पनि हार्नुभएको थियो । नेपाल सद्भावना पार्टीका श्यामसुन्दर गुप्ता जित्नुभएको थियो । सर्वेन्द्रनाथ शुक्लको सेकेण्ड पोजिशन आएको थियो । उहाँ भन्नुहुन्छ, 'मैले चुनाव नजिते पनि आफ्नो क्षेत्रमा स्थापित भएका थिए त्यो मेरो लागि धेरै उपलब्धीमुलक काम भएको थियो ।' २०४९ मा भएको जिल्ला विकास समितिको उपसभापतिमा काँग्रेससँग चुनाव लड्नुभएको थियो । उहाँ त्यो चुनाव जित्नुभयो । त्यसपछि सर्वेन्द्रनाथ शुक्लको मनोबल झन बढ्यो । जिल्लामा उहाँ खट्न थाल्नुभयो । पार्टीको संगठन बनाउनुदेखि लिएर जिल्ला विकास समितिको काम पनि सक्रिय हुनुभयो । २०५१ मा मध्यावधी चुनाव भएको थियो । त्यो चुनाव उहाँले जित्नुभयो । मध्यावधी चुनावमा काँग्रेसले यज्ञजितलाई पनि टिकट दिएको थिएन । उहाँ स्वतन्त लड्नु भएको थियो । काँग्रेसबाट शालीग्राम उपाध्यले टिकट पाउनु भएको थियो ।

२०५२ मा काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बनेपछि सर्वेन्द्रनाथ शुक्ल जलस्रोत सहायक मन्त्री बन्नुभएको थियो । त्यसपछि सोही साल जलस्रोत राज्यमन्त्री बन्नुभएको थियो । २०५४ असोजमा सूर्यबहादुर थापाको नेतृत्वमा सरकार निर्माण हुँदा सर्वेन्द्रनाथ शुक्ल सञ्चारमन्त्री बन्नुभएको थियो । सर्वेन्द्रनाथ शुक्ल २०५६ को चुनाव हार्नुभएको थियो । २०५९ मा शेरबहादुर देउवाले राजालाई सत्ता सुम्पिनु भएको थियो । त्यसपछि २०६० मा सूर्यबहादुर थापाको नेतृत्वमा बनेको सरकारमा उहाँ पर्यटनमन्त्री बन्नुभयो । त्यसको दुई महिनापछि भूमी तथा वनमन्त्रालय पनि सम्हाल्नुभयो । पछि उहाँ मन्त्री हुँदा नै विद्युत प्रधिकरणको अध्यक्ष पनि बन्नुभयो ।

मन्त्री भएकै बेला माओवादीले सर्वेन्द्रनाथ शुक्लको घरमा ब्लास्ट गराएको थियो । तीन ठाउँको घर ध्वस्त बनाएको थियो । मन्त्री पदबाट हटेपछि पनि माओवादीले आक्रमण गर्न छाडेको थिएन । लगातार तीन वर्षसम्म माओवादीले सर्वेन्द्रना शुक्ललाई दुख दिइरहेको थियो । त्यही बेला नै सर्वेन्द्रनाथले सूर्यबहादुर थापालाई भन्नुभएको थियो, 'यस्तो लाग्न थालेको छ कि कुनै दिन मेरो लासमाथि पार्टीको झण्डा ओढाउन तपाई मेरा गाउँ आउनु हुन्छ ।' माओवादीका यस्तो त्रास भइसकेको थियो तर सूर्यबहादुर थापाले त्यसमा खासै ध्यान दिनुभएन । त्यसपछि सूर्यबहादुर थापालाई नै भनेर तमलोपा गठन गर्नेतिर लाग्नुभएको थियो । सूर्यबहादुर थापा आफैले त होइन तर अरुलाई लगाएर सर्वेन्द्रनाथलाई तमलोपा गठन गर्नबाट रोक्ने प्रयास गर्नुभएको थियो अर्थात सर्वेन्द्रनाथ शुक्ललाई राप्रपामा फर्काउने प्रयास भएको थियो तर उहाँ फर्किनु भएन तमलोपा गठन गर्नुभयो ।

## संविधान सभा चुनाव

सर्वेन्द्रनाथ  शुक्ल २०६४ मा भएको पहिलो संविधान सभा चुनावमा पनि भाग लिनुभएको थियो । तर उहाँ रुपन्देही क्षेत्र नम्बर ४ बाट चुनाव हार्नुभयो । तत्कालिन फोरमका ओमप्रकाश यादव चुनाव जित्नुभएको थियो । उहाँ भन्नुहुन्छ, 'माओवादीले डाइरेक्ट मलाई केही नगरेपनि चुनावमा मेरो कार्यकर्तालाई निकै डिस्टर्व गरेको थियो, चुनावको दिन कसैलाई घरबाट नै निस्कन दिएन ।' चुनावको समयमा माओवादीले सर्वेन्द्रनाथको बारेमा विभिन्न हल्लाहरु फैलाइएको थियो । जनतामा एक खालको त्रास सृजना गरेको थियो माओवादीले । त्यही कारणले आफू संविधानसभाको चुनाव हारेको दावी उहाँको छ ।

चुनाव हारेपनि उहाँ २०६६ फागुनमा तमलोपाबाट शिक्षा मन्त्री बन्नुभयो । तमलोपाबाट मन्त्री हुनुभएका रामचन्द्र कुशवाहा अनियमितता गरेको आरोपमा उहाँलाई मन्त्रीबाट हटाए पछि त्यो ठाउँमा सर्वेन्द्रनाथ नियुक्त हुनुभएका थियो । त्यतिबेला माधवकुमार नेपाल प्रधानमन्त्री हुनुहुन्थ्यो । मन्त्री बन्छु भनि सर्वेन्द्रनाथ लागेका थिएन । उहाँ आफ्नो घाँटीको उपचारमा अस्पताल भर्ना हुनुभएको थियो । तत्कालिन तमलोपाका नेता ह्रदयश त्रिपाठी सर्वेन्द्रनाथलाई भेटेर मन्त्रीको सपथ खान तयार हुन भनेपछि मात्र उहाँले थाह पाउनुभएको थियो ।  प्रधानमन्त्रीबाट माधवकुमार नेपाल हटेपछि सर्वेन्द्र पनि २०६७ माघमा हट्नुभयो ।

२०७० मा भएको रुपन्देही क्षेत्र नम्बर ४ बाट संविधानसभा चुनाव उहाँले जित्नुभयो । फोरमका वसिउदीन खाँलाई हराउनुभएको थियो । सर्वेन्द्रनाथले त्यतिबेला १५ हजार मत ल्याउनुभएको थियो ।

बाँकी पृष्ठ १२ मा

# आँपको बगैंचा मासेर सोलार प्लान्ट !

८० बिघामा लगाइएको आमको बगैंचा मासरेर सौर्य प्लान्ट लगाउने तयारी बारे कुरा बाहिर आएपछि अहिले तराई मधेशमा मात्र होइन देशैभर त्यसको चर्चा छ। यो निर्णयलाई चौतर्फी आलोचना भइरहेको छ। कतिपय ठाउँमा त्यसको विरुद्धमा र्‍याली निकाल्ने काम पनि भयो। हरेक क्षेत्रबाट त्यसको विरोध भइरहेको छ। धनुषाको बटेश्वर गाउँपालिका वडा नम्बर १ चित्रपुरमा ८० बिघा क्षेत्रफलमा लगाएको आँपको बगैंचा फडानी गरेर सौर्य प्लान्ट स्थापनाको तयारी भइरहेको छ। काठमाडौं महानगरपालिका वडा नम्बर ३२ जडीबुटीस्थित जन्दादेवी सोलार प्रा.लि.ले आँप पकेट क्षेत्रमा सौर्य प्लान्ट स्थापनाको काम अगाडी बढाउने तयारी गरेको बुझिएको छ।



५० मेगावाट सौर्य विद्युत उत्पादन गर्ने प्लान्ट स्थापनाका लागि कम्पनीले १२ जना किसानसँग १६ बिघा जग्गा ३० वर्षका लागि भाडामा पनि लिइसकेको छ। तर अहिले त्यो सम्झौताको चौतर्फी विरोध भइरहेको छ। कम्पनीले असार २९ मा किसानसँग गरेको सम्झौतामा वार्षिक प्रतिकठ्ठा आठ हजार रुपैयाँ र प्रत्येक दुई वर्षमा १० प्रतिशत भाडा वृद्धि गर्ने उल्लेख छ। संघीय सरकारको ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गतको जलस्रोत तथा सिंचाई विभागले त्यहाँ कुनै सिंचाई आयोजना नरहेको भन्दै ती जग्गा सिंचाईयोग्य नरहेको प्रमाणित गरिदिएको बटेश्वर गाउँपालिका वडा नम्बर १ का वडाध्यक्ष अशोककुमार महतोले बताउनुभायो।

जन्दादेवी सोलार प्रा.लि.ले लिन खोजेको सबै जग्गामा आँप खेती रहेका छन्। त्यो आँप खेतीबाट वर्षेनी लाखौ रुपियाँ आम्दानी हुने गरेको छ । त्यसभन्दा पनि त्यो आँप बगैंचा पर्यावरणका लागि पनि राम्रो भएको कारण वतावरण विज्ञदेखि लिएर हरेक क्षेत्र जनताले त्यसको विरुद्धमा उत्रेका छन्। आँप खेती फडानी गरेर सोलार प्लान्ट स्थापना गर्ने विषयमा किसान विभाजित छन्। कुनै वर्ष आँपखेतीमा क्षति भोग्दा सरकारले राहत नदिएको भन्दै कतिपय किसान सोलार प्लान्ट स्थापनाका लागि जग्गा दिनु बाध्यता रहेको बताउँछन्। त्यसैले केही किसान जन्दादेवी प्रालिको जग्गा दिन सहमत भएको बताउँछन्।

स्थानीय किसान रामउदगार महतोले आँप पकेट क्षेत्रमा आँप खेती फाँडेर सोलार प्लान्ट स्थापना गर्नु खेदजनक रहेको भन्दै यसलाई रोक्नुपर्ने बताउनुभयो। रामउदागरले यो जन्दादेवी प्रा.लि.ले पछि गएर के गर्छ थाहा नभएको तर अहिले आफूहरुको आश्रय आँप रहेकाले आँपको बगैंचा फडानी गर्न नदिने अडान लिनुभयोए। सोलार प्लान्टका लागि अन्यत्र खाली जग्गा खोज्न सकिने बताउँदै उहाँले आँप खेती फाँडेर सोलार प्लान्ट राख्न खोजे आन्दोलन हुने चेतावनी दिनुभयो।

अर्का किसान विनोदकुमार सिंहले सो स्थानमा सोलार प्लान्ट खोल्ने वा नखोल्ने भन्ने विषयमा गहन छलफल हुनु आवश्यक रहेको बताउनुभयो। प्लान्ट स्थापना हुँदा गाउँ तथा वरपरको वातावरणमा असर नगर्ने निश्चित भएपछि मात्रै त्यसको काम अगाडी बढाउन सकिने उहाँले बताउनुभयो। यी दुई स्थानीयभन्दा पृथक विचार स्थानीय किसान रामखेलावन महतोको छ। उहाँले आँप खेतीबाट खासै आम्दानी नहुने गरेकाले आफूहरू सम्झौता गर्न तयार भएएको बताउनुभयो। जल्दादेवी सोलार प्रा.लि.ले भने अन्यत्र जग्गा नपाएकाले सो स्थानमा प्लान्ट स्थापना गर्न लागेको स्पष्ट पारेको छ। बटेश्वरको आँप पकेट क्षेत्रका किसानले दिन मानेपछि त्यहाँ प्लान्ट स्थापनाको तयारी गरेको कम्पनीले जनाएको छ।

# धानमा रासायनिक मल कसरी प्रयोग गर्ने ?

**'मलखादको सन्तुलित प्रयोगले राम्रो उत्पादन दिन्छ'**

बालीको अवस्था अनुसार उचित समय र उचित मात्रामा मलखादको प्रयोग भएमा मलमा भएको पोषक तत्वले बालीको उत्पादन बढाउनुको साथै माटोको उर्वरा शक्ति कायम राख्छ।

१. डिएपी (फोस्फोरस) मलको पुरै मात्रा रोप्ने बेलामा प्रयोग गर्नुपर्छ।
२. पोटास मललाई दुई बराबसर भागमा बाँडेर ५० प्रतिशत रोप्ने बेलामा, ५० प्रतिशत गँजाउने बेलामा र बाँकी २५ प्रतिशत बाला बन्ने बेलामा प्रयोग गर्ने।
३. एकैनासले गेडेमल (युरिया र डिएपी) छरी मलको प्रभावकारिता बढाउन हाल बजारमा उपलब्ध मल छर्ने झोलको प्रयोग गर्न सकिन्छ।
४. युरिया मलको टपड्रेसिङ गर्ने बेलामा खेतमा छिपछिपे पानी वा यथेष्ट चिस्यान हुनु पर्दछ।
५. खैरा रोगको समस्या हुने ठाउँमा रोप्ने समयमा जिङ्क सल्फेट २५ केजी प्रति हेक्टरका दरले प्रयोग गर्ने

**सिँचाइको व्यवस्थापन**

सिँचाईको उचित व्यवस्थापनले धानको उत्पादन र गुणस्तर दुवै बढाउँछ।

१. धान रोपेको ५-२० दिनसम्म ३-५ से.मी. र त्यसपछि फूल फुल्ने र दाना लाग्ने समयमा खेतमा पानी जमाउनुपर्छ। यदि सिँचाइको व्यवस्था गर्न सकिने जग्गा भएमा माटो पूर्ण चिसो अवस्थामा राख्न सके धानको उत्पादन बढ्छ।
२. धानमा गाँज आउने बेला, बाला बन्ने (गर्भावस्था), फूल फुल्ने बेला र दानामा दुध पस्ने बेलामा खेत सुख्खा भएमा उत्पदनमा ह्रास आउछ। तसर्थ यी अवस्थाहरुमा सिँचाई दिन सके ८०० देखि १००० किलो प्रति हेक्टरको दरले उत्पादनमा वृद्धि हुन्छ।
३. यदि युरिया, मल हाल्ने बेलामा वर्षा नभएमा सम्भव भएसम्म सिँचाई गर्नुपर्छ।

"नियमितदूध सेवन गरौं, रोग प्रतिरोधात्मकक्षमता बढाऔं"

**दूध एक फाइदाअनेक**

दूधमाचिल्लोपदार्थ, प्रोटिन, कार्वोहाइड्रेड, खनिजपदार्थ र भिटामिन जस्ता शरीरलाई आवश्यक पर्ने तत्वहरु पाइने हुंदादूधलाई एक उत्तमखाद्यपदार्थको रुपमालिईन्छ। चिल्लो पदार्थले शरीरलाई शक्तिप्रदानगर्दछ। ल्याक्टोजले तुरुन्तशक्तिप्रदान गरी शरीरमा स्फूर्ति आई पुनःकाममा सक्रियहुन मद्दत गर्दछ। प्रोटिनले शरीरको कोषिका, तन्तु लगायतशारीरिक वृद्धि गरी शरीरलाई शक्ति समेत प्रदानगर्दछ। दूधमा भिटामिन A, D, E, K, B-Complex पाईन्छन। यी भिटामिनले रतन्धो हुनबाट जोगाउने, प्रजननक्षमताको विकास गर्ने तथाशारीरिक वृद्धि विकास, हाड तथामांसपेशीहरु मजबुतपार्नुका साथै खानाखाने रुची जगाउँदछ। शरीर बृद्धिको लागिआवश्यकपर्ने लवणहरु क्यालसियम, फस्फोरस, म्यागनेसियम, क्लोरिन, पोटासियम, सोडियम आदिदूधमापाईन्छन्। यसले शरीरिक सन्तुलन राख्नुका साथै शारीरिक विकास गर्दछ साथै दूधमापाईने Lactoalbumin र Lactoglobulin ले Immunity powe rबढाउनमा समेत मद्धतगर्दछ।नेपालको खाद्यनियमावलीअनुसार प्रशोधित १०० ग्राम दूधबाट करिब ६० क्यालोरी शक्तिप्राप्त हुन्छजसले रोग प्रतिरोधात्मकक्षमताअभिवृद्धि गराउनमा सहयोग पुऱ्याउछ।

"गावो मे सर्वत:सन्तु गवां मध्ये वसाम्यहम्"
राष्ट्रिय दुग्ध विकास बोर्ड
२०४८

**राष्ट्रिय दुग्ध विकास बोर्ड**
**ललितपुर, नेपाल**
**फोन. ०१–५५२५४००**

# १० वर्षमा सर्लाहीमा मासियो ११ हजार ४०६ हेक्टर खेतीयोग्य जमिन



सर्लाहीमा बर्सेनि खेतीयोग्य जमिन मासिदै गएका छन्। यहाँ विगत १० वर्षमा एघार हजार ४०६.७ हेक्टर खेतीयोग्य जमिन मासिएको बताइएको छ। जिल्लामा लगातार खेतीयोग्य भूभाग मासिने क्रम बढ्दो रहेको राष्ट्रिय कृषि गणना २०७८ को तथ्याङ्कले पनि पुष्टि गरेको छ। दश वर्ष अगि २०६८ मा भएको जनगणना तथ्याङ्क अनुसार जिल्लाको कूल भूभाग एक लाख २५ हजार नौ सय हेक्टरमध्ये ८४ हजार ६७८ हेक्टर खेतीयोग्य जमिन रहेका थिए। त्यही खेतीयोग्य जमिन घटेर अहिले ७३ हजार २७१.३ हेक्टर क्षेत्रफलमा खुम्चिएको हो। अव्यवस्थित तवरले भइरहेको पूर्वाधार निर्माणको प्रत्यक्ष असर जिल्लाको खेतीयोग्य जमिनमा परेको जिल्ला कृषि ज्ञान केन्द्र सर्लाहीका कार्यालय प्रमुख देवानन्द राय यादवले बताउनुभयो।

खेतीयोग्य जमिन अतिक्रमणमा पर्दै जाँदा जिल्लाको कृषि उत्पादनको अवस्थासमेत खस्कँदै गएको छ। सङ्घीयता कार्यान्वयनपछि थप तीव्र गतिमा खेतीयोग्य जमिन मासिने क्रम बढेको छ। "केही वर्ष पहिलासम्म धान फल्ने खेतमा अहिले पक्की भवन बनेका छन्", उहाँले भन्नुभयो, 'हरियो खेतका फाँटमा अहिले घरैघर छन्।' अव्यवस्थित रुपमा भएका विकासको असर चौतर्फी परेको छ। खेतमा अन्धाधुन्द व्यापारिक भवन निर्माण गर्ने क्रम रोकिएको छैन। केही दशकअघि अन्न उब्जाउने खेत अब बाँकी नरहने प्रमुख यादवले बताउनुभयो। जनसङ्ख्याको आधारमा नयाँ घर बन्नु, सोही अनुसार भौतिक पूर्वाधार निर्माण हुने प्रक्रिया भए पनि कृषियोग्य जग्गालाई प्लटिङ गर्ने, खेत-खेतमा चौडा सडक पुऱ्याउने लगायतको गतिविधिका कारण अनियमित किसिमले खेतीयोग्य जमिन नष्ट हुँदै गएको रामनगर गाउँपालिका अध्यक्ष राजाबाबु यादवले स्वीकार गर्नुभयो। "यसको नियन्त्रण आवश्यक छ।" उहाँले भन्नुभयो।

तराईको समथर फाँट जतातते सडक, पानी, बिजुली लगायतको सुविधाका कारण बसाइसराइँ बढेका कारणसमेत जिल्लाको खेतीयोग्य जमिन घट्दै गएको विभिन्न तथ्याङ्कहरुले देखाएको छ। "पहाडी भू-भागबाट तराई बसाइ झर्नेको केही पहिलासम्म ताँती नै हुन्थ्यो।" सर्लाहीको बागमती नगरपालिका-१, का वडाध्यक्ष गम्भीर सिङ पाखिनले भन्नुभयो, "अहिले केही कम भएको छ। तर, असर त्यसको पनि परेको छ।" सङ्घ, प्रदेश तथा स्थानीय तहले समेत भौतिक संरचना निर्माण, सडक लगायतका विकास गर्दा खेतीयोग्य उर्वर भूभागको संरक्षणमा विषेश ध्यान दिनुपर्ने देखिन्छ।






## समाचार/विविध

### जमिन्दारको छोरा...

सर्वेन्द्रनाथ संसदीय दलको नेता पनि चयन हुनुभएको थियो । महन्थ ठाकुर चुनाव हारेको कारण सर्वेन्द्रनाथलाई सो मौका प्राप्त भएको थियो तर तमलोपा आन्दोलनमा रहेको कारण तत्कालिन सुशिल कोइराला नेतृत्वको सरकारमा जाने कुनै कुरा नै थिएन । तत्कालिन प्रधानमन्त्री कोइरालाले सर्वेन्द्रनाथलाई सरकारमा सहभागी हुन निकै आग्रह गर्नुभएको थियो । आन्दोलन भइरहेको कारण सरकारमा सहभागी नहुने जवाफ पठाउनुभएको थियो ।

सर्वेन्द्रनाथ शुक्ला भन्नुहुन्छ, 'मधेशवादी दल एक मधेश एक प्रदेशको माग राखि आन्दोलनमा थिए त्यतिबेला एमालेका अध्यक्ष केपी शर्मा ओली मधेशमा दुई प्रदेश दिन तयार हुनुभएको थियो । सुशिल कोइराला त्यतिकै पनि तयार हुनुहुन्थ्यो । तर मधेशवादी दलका नेताहरुमा एक मधेश एक प्रदेशको भुत सवार थियो । दुई प्रदेशको कुरा समेत सुन्ने पक्षमा हुनुहुन्थेन ।' दुई प्रदेश लिनका लागि महन्थ ठाकुर र विजयकुमार गच्छदार तयार हुनुभएको थियो । त्यसको विरोध गर्दै अन्य मधेशवादी दलहरु आन्दोलनमा जानुभएको थियो । त्यसपछि महन्थ र विजय पनि चुपचाप लाग्नुभएको थियो । सही समयमा सही निर्णय नलिएको कारण आज भुँइको टिप्न खोज्दा गोजीको पनि झरेको जस्तो अवस्था मधेशको भएको छ ।

लोसपाका सहअध्यक्ष सर्वेन्द्रनाथ शुक्ला २०७४ पनि चुनाव लड्नु भएको थियो तर हार्नुभयो । काँग्रेसका प्रमोद यादवले चुनाव जित्नुभएको थियो । चुनाव हारेपनि उहाँ संगठनको काममा लाग्नुभयो । पाँच वर्षसम्म संगठनको काममा पुरै सक्रिय भएर लाग्नुभएको थियो । २०७९ मा पुनः चुनाव लड्नु भयो । र उहाँ जित्नु पनि भयो । काँग्रेसका प्रमोद यादवलाई उहाँले हराउनु भएको थियो । काँग्रेस माओवादी गठबन्धनको सरकार बन्दा लोसपा पनि सरकारमा सहभागी भएको थियो । त्यसमा शरतसिंह भण्डारी र सर्वेन्द्रनाथ शुक्ल बिच आलोपालो सरकारमा जाने सहमति भएको थियो । सुरुमा शरतसिंह भण्डारी नै जानुभयो ।

सर्वेन्द्रनाथको टर्म नआउँदै गठबन्धन भत्किएको थियो । सरकार ढलेको थियो । काँग्रेस-एमाले गठबन्धनको सरकार बन्यो । लोसपा पनि सरकारमा सहभागी भयो । त्यसमा पनि महन्थ ठाकुरले शरतसिंह भण्डारीलाई पठाउने निर्णय गर्नुभयो । त्यसले सर्वेन्द्रनाथ शुक्लाको निकै चित्त दुखेको थियो । पार्टीमा उहाँले सो निर्णयको विरोध गर्नुभयो । पार्टी नै विभाज हुने हो कि भनि चर्चा पनि बाहिर आएको थियो । लोसपा अध्यक्ष महन्थ ठाकुरले अहिले पनि आलोपालोमा सरकारमा मन्त्री रहने आश्वासन दिनुभएको छ ।

**शिक्षा**

एक कक्षादेखि भारतको गोरखपुरमा पढ्नु भएका सर्वेन्द्रनाथ २०२० मा त्यहीबाट एसएलसी पास गर्नुभयो । २०२२ मा इन्टरमिडिएट पास गरेर नेपाल फर्किनु भएका उहाँ टीसीएस कालोम्बो प्लानमा छात्रवृति पाउनु भएको थियो । उहाँ ब्याचलरमा इन्जिनियरिङ पढ्नका लागि भारत जानुभयो । नाम अमेरिकाका लागि पनि निस्केको थियो तर बुवाले अमेरिका पढ्न जाने हो भने विहे गरेर नै जानुस् भन्नुभयो । तर सर्वेन्द्रनाथलाई अमेरिका जाने मन भएपनि विहे गर्ने मन थिएन त्यही भएर उहाँ अमेरिका जाने सोच त्याग्नु भएको थियो ।

पढाई उहाँले नेपालमै सुरु गर्नुभएको थियो । उहाँको आमाले सर्वेन्द्रनाथलाई पढाउन सुरु गर्नुभएको थियो । उहाँको आमालाई उर्दु, अँग्रेजी र हिन्दीको राम्रो ज्ञान थियो । सर्वेन्द्रनाथ सानैदेखि पढ्नमा तेज हुनुहुन्थ्यो । तर नेपालमा रहेको विद्यालयको शैक्षिक वतावरण राम्रो थिएन । त्यही भएर उहाँलाई भारतको गोरखपुर पठाइको थियो । गोरखपुरमा दाजु रविन्द्रप्रताप शुक्ल पनि अध्ययनमा लाग्नुभएको थियो । सर्वेन्द्रनाथ पनि दाजुसँगै रहेर पढ्न थाल्नुभएको थियो ।

**परिवार**

बुवा सुरेन्द्रनाथ शुक्ल र आमा पदमादेवी शुक्लको कान्छो छोरा सर्वेन्द्रनाथका एक जना दाजु डा.रविन्द्रनाथ शुक्ल हुनुहुन्छ । भैरहवाका निरञ्जना शुक्लसँग २०३० मा विहे गर्नुभएका सर्वेन्द्रनाथले मागी विवाह गरेपनि भावनात्मक रुपमा प्रेम विवाह नै हो । उहाँ दुवै जनामा पहिलादेखि चिनजान थियो । एक अर्काको घरमा आउजाउ हुन्थ्यो । सर्वेन्द्रनाथ र निरञ्जनाको बुवा साथी हुनुहुन्थ्यो । निरञ्जनासँग नै विहे गर्ने प्रस्ताव सर्वेन्द्रनाथले आफ्नो घरमा राख्नुभएको थियो । त्यसपछि सो प्रस्तावको आधारमा घरबाट विहेको कुरा लिएर निरञ्जनको घर जानुभएको थियो । सर्वेन्द्रनाथका का एक जना छोरी र एक जना छोरा हुनुहुन्छ । छोरी सृजना शुक्लको विहे भइसकेको छ । हाल उहाँ अमेरिकामा जागिरे हुनुहुन्छ । छोरा शैलेन्द्रनाथ शुक्ल पनि अमेरिकामा हुनुहुन्छ । उहाँ पनि त्यहाँ जागिरे हुनुहुन्छ ।

### सीमा खान...

त्यसपछि ससुर बुवासँग सीमा खानको बोलचाल नै बन्द भयो । दुई वर्षसम्म उहाँहरुको बिचमा बोलचाल नै भएन । सीमाको दिनदिनै प्रगति भइरहेको थियो । मुस्लिम समाजमा पनि सीमाको इज्जत र सम्मान हुन थाल्यो । मुस्लिम समाजका अगुवाहरुले ससुर बुवाको सामु सीमाको बारेमा प्रसंशा गर्नुहुन्थ्यो । सीमाको ससुरबुवालाई जुन समाजको डर थियो त्यो समाजकै अगुवाबाट आफ्नो बुहारी सीमाको प्रशंसा सुनेपछि अलिअलि पोजेटिभ हुन थाल्नुभयो । सीमालाई साथ सहयोग दिन थाल्नु भएको थियो । बाहिरबाट ढिलो चाँडो आउँदा पनि बोल्न र गाली गर्न छाड्नु भएको थिएन ।

**राजनीतिमा खोजी**

सीमा खान समाजका एक प्रतिष्ठित महिलाको रुपमा गनिन थाल्नुभयो । सबैतिर चर्चा हुन्थ्यो । यहाँसम्म कि विभिन्न राजनीतिक दलबाट उहाँलाई अफरहरु आउन थाले । कोही समानुपातिकमा राख्न खोजे भने कोही पार्टीमै राख्न चाहे तर सीमा खानलाई राजनीति गर्ने मन थिएन । उहाँ स्वतन्त्र भएर मुस्लिम महिलाको लागि, मधेशको लागि केही गर्ने सोच बनाउनु भएको थियो ।

राजेन्द्र महतो नेतृत्वको तत्कालिन सद्भावना पार्टीले पनि सीमा खानलाई पार्टीमा आउन आग्रह गरेको थियो । दोस्रो संविधान सभा चुनाव ताका सीमा खानलाई पार्टीमा आउन आग्रह गरेको थियो । सीमा खानले आफू पनि मधेशका लागि काम गरिरहेको र सद्भावना पार्टी पनि मधेशको मुद्दामा काम गरेको कारण यहीं पार्टीमा आवद्ध हुँदा राम्रो हुने भनेर सद्भावना पार्टीमा आवद्ध हुने निर्णयमा पुग्नुभयो । सो पार्टीका अध्यक्ष राजेन्द्र महतोसँग उहाँले सिधै कुरा गर्नुभयो ।

संविधान सभा चुनावमा मुस्लिम महिला कोटामा समानुपातिकमा राख्ने सहमति भएको थियो । सोही सहमतिको आधारमा सीमा खान पार्टीमा प्रवेश गर्नुभएको थियो । उहाँ सो पार्टीमा सक्रिय भएर लाग्नुभयो । पार्टीले अह्राएको ठाउँमा जानु हुन्थ्यो । विभिन्न आन्दोलनमा पनि सहभागी हुनुभयो । त्यतिबेला आन्दोलन गर्नका लागि गठन भएको मुस्लिम संघर्ष समितिको उहाँ उपाध्यक्ष हुनुहुन्थ्यो ।

चुनाव हुने भएपछि उहाँ चुनावमा पनि सक्रियपूर्वक खटिनु भयो । तर चुनावमा सोचे जस्तो नतिजा सद्भावना पार्टीले ल्याउन सकेन । तैपनि पार्टीले सीमा खानलाई समानुपातिक सदस्य बनाउन चाहेको भए हुन्थ्यो । तर पार्टीले उहाँलाई समानुपातिक सदस्य बनाएन । त्यसपछि सीमा खानले पार्टी नै छाड्नुभयो । उहाँले भन्नुभयो, 'जुन पार्टीमा यसरी विभेद हुन्छ भने त्यो पार्टीले समाजका लागि के गर्छ ? त्यही भएर मैले सो पार्टी मात्र होइन त्यति बेला राजनीति नै त्यागे ।' तर अब २०८४ मा राजनीतिमा पुन सक्रयि हुने सोच बनाउनु भएको छ ।

उहाँ भन्नुहुन्छ, 'मेरो संस्था छ कसैलाई जिम्मा लगाएर म फुल टाइम राजनीतिमा पनि जान सक्छु । समाजिक संस्थामार्फत मुस्लिमका लागि धेरै काम गरे अब राजनीतिबाट केही गर्ने इच्छा छ

**सम्मान र पुरस्कार**

एचडब्लुपीएल अन्तराष्ट्रिय अवार्ड (दक्षिण कोरिया)बाट सम्मानित हुनुभएका सीमा खान साना तिना राष्ट्रिय अन्तराष्ट्रिय थुप्रै पुरस्कार तथा सम्मानबाट सम्मानित हुनुभएको छ । अन्तर धार्मिक शान्ति महासंघका उपाध्यक्ष समेत रहनु भएका सीमा खान वर्ल्ड मुस्लिम कम्युनिटी काउन्सिलका बोर्ड मेम्बर पनि हुनुहुन्छ । विभिन्न पत्रपत्रिका सय भन्दा बढी लेख रचना उहाँको प्रकाशित भएको छ । अहिले उहाँ 'तलाक तलाक तलाक' उपन्यास लेखि रहनु भएको छ भने मास्टर्सको अन्तिम समेस्टरमा अध्ययनरत पनि हुनुहुन्छ ।

साउदी, युएइ, दक्षिण कोरिया, युके, थाइल्याण्ड, रसिया, आइल्याण्ड, टर्की, इन्डोनेसिया, कतारलगायत दुई दर्जन देशको भ्रमण गर्नुभएका सीमा खानले जति वटा देश गए त्यहाँ मुस्लिम महिलाको बारेमा मात्र आफ्नो प्रस्तुती दिनुभयो । मुस्लिम महिलाको अवस्था बारेमा उहाँले अन्तराष्ट्रिय रुपमा चिनाउने काम पनि गर्नुभयो ।

सीमा खानका दुई जना दाइ छन् । फरहद हुसैन जो काठमाडौंमै विजनेश गरेर बस्नुभएको छ । मुसरद हुसैनको केही पहिले निधन भइसकेको छ । सीमा खानका एक जना छोरा र एक जना छोरी छन् । छोरा आदिल अहमद बुद्ध एयरमा इन्जिनियर हुनुहुन्छ भने छोरी आलिया अहमद काउन्सेलिङ साइकलोजीको पढाइ सकाउनु भएको छ । समि खान हाल कंलकीमा भाडाको घरमा बस्नु भएको छ र आफ्नो अफिस पनि त्यही घरमा राख्नुभएको छ ।


## साइबर सुरक्षाबारे सचेत रहौं

- अपरिचित इमेल, सन्देश र लिंकहरु नखोलौं,
- संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौं,
- अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरुबाट हुनसक्ने ठगीबाट जोगिऔं.,
- सामाजिक सञ्जालमा आफ्नो ठेगाना, फोन नम्बर र वित्तीय विवरण नराखौ),
- आफ्नो पासवर्डलाई बलियो राखौं र नियमित रुपमा परिवर्तन गरौं,
- वाई-फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्धण** : पारू अफसेट प्रेस, डिल्लीबजार